मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक ७४ | २०८० साल माघ १७ गते बुधबार | Wednesday 31, January 2024 | सूर्योदयः बिहान ६:५२ बजे | सूर्यास्तः साँझ ५:४५ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## वीरगंजमा भारतीय राजदूत

### उद्योग वाणिज्य क्षेत्रका समस्या समाधान हुने




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव आर्थिक नगरी वीरगंज आएका छन् । उनले वीरगंजमा उद्योगी, व्यापारी र पत्रकारसँग छुट्टाछुट्टै अन्तरक्रिया र छलफल गरे । नेपाल भारतबीचको सहकार्य, व्यापार र उद्यमक्रममा देखिएको कमजोरी, समस्याबारे छलफल पनि भएको थियो ।
उद्योगी, व्यापारी, पत्रकारको जिज्ञासापछि भारतीय राजदूत श्रीवास्तवले नेपाल भारतबीच उद्योग वाणिज्य क्षेत्रमा देखा परेको समस्या समाधानका लागि भारतीय दूतावास सदैव क्रियाशील रहेको बताए ।
वीरगंज उद्योग वाणिज्य सङ्घद्वारा आयोजित अन्तरक्रिया तथा राजदूत श्रीवास्तवको स्वागत कार्यक्रममा उनले नेपाल भारतको औद्योगिक तथा व्यापारिक क्षेत्रमा देखिएका समस्या समाधानका लागि दूतावासले काम गर्दै आएको र आगामी दिनमा अझ सक्रियताका साथ समस्या समाधानमा जुट्ने प्रतिबद्धता व्यक्त गरे ।
वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिलकुमार अग्रवालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भारतीय महावाणिज्य दूतावासका वाणिज्यदूत देवी सहाय मिणा, मधेश प्रदेशका पूर्व खानेपानी मन्त्री ओमप्रकाश शर्मा, भारतीय राजदूतावासका शेखर सुमन, भारतीय महावाणिज्य दूतावासका वाणिज्यदूत सतिश पट्टापु, सङ्घका निवर्तमान अध्यक्ष डा.सुबोधकुमार गुप्ता, उपाध्यक्ष माधव राजपाल, महासचिव आशिष लाठ, कोषाध्यक्ष शिवजी प्रसाद कलवारलगायतको सहभागिता थियो ।
यस्तै, भारतीय राजदूत नवीन श्रीवास्तवले वीरगंज लेखक तथा पत्रकारसँग पनि भेट गरे । भेटका क्रममा भारतीय दूतावासले गरिरहेको गतिविधिबारे मोफसलका सञ्चारकर्मीले पनि सहज सूचना पहुँच नबनेको बताएका थिए । यस्तै, छलफलमा रामायण सर्किट, रेल, वीरगंजमा टाउन हल, रक्सौल विमानस्थलबारे पनि जिज्ञासा राखेका थिए । जवाफमा भारतीय राजदूत श्रीवास्तवले केही योजनाहरु प्रक्रियामा रहेको, दुवै देशको सहमति र सहकार्यमा काम हुने बताएका थिए । छलफलमा वीरगंजका ८ जना लेखक तथा पत्रकार सहभागी थिए ।

## विभेदकारी शासकको उपेक्षाले मधेश पछाडिः यादव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले शासक वर्गको उपेक्षा र विभेदकारी नीतिले मधेश शोषित भएको र पछि परेको बताएका छन् । जसपा नेपालको भ्रातृ संगठन समाजवादी महिला संघको मधेश प्रदेश समितिले मंगलबार जनकपुरधाममा गरेको दुईदिने प्रशिक्षणमा अध्यक्ष यादवले शासक वर्गको मधेशप्रतिको विभेदकारी नीतिकै कारण मधेशको शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, रोजगार जस्ता क्षेत्र विकास हुन नसकेको टिप्पणी गरे । मधेशी जनताले विभेदकारी राज्यसत्ताको रवैयाविरुद्ध गरेको जनविद्रोहकै बलमा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको जिकिर गर्दै उनले राज्यको केन्द्रिकृत मानसिकता बोकेका शासकवर्गको मधेशप्रतिको हीन चरित्र अझै सुध्रिन नसकेको उल्लेख गरे ।
'समथल भूभाग, उर्वरभूमि जस्ता विकासका आधारभूत तत्व मधेशमा भए पनि सबै क्षेत्रमा मधेश पछि पर्नुको एक मात्र कारण बिगतका गलत नीति, योजना र विभेदकारी शासन प्रणाली नै हो,' यादवले भने, 'मुलुक संघीय शासनप्रणालीमा गए पनि उपेक्षित एवम् शोषित र सीमान्तकृत वर्गमाथिको विभेद उन्मूलन हुन सकेन ।'
मधेश सरकारलाई दिने बजेटलगायतको सेवा सुविधामा समेत विभेद भइरहेको उल्लेख गर्दै अध्यक्ष यादवले उत्पीडित जनता र समुदायमाथिको विभेद अन्त्य नभएसम्म मधेशले विकास निर्माणमा फड्को मार्न नसक्ने बताए ।
समाजवादी महिला संघका प्रदेश अध्यक्ष एवम् प्रदेश सभा सदस्य संजिला यादवको अध्यक्षतामा भएको कार्यक्रममा जसपा राजनीतिक समिति सदस्य एवम् समाजवादी महिला संघका केन्द्रीय अध्यक्ष निर्मला यादव, राजनीतिक समिति सदस्य, संघीय सांसद रेखा यादव, मधेश सरकारका अर्थमन्त्री सञ्जय यादव, महिला बालबालिका मन्त्री सुरिता साहसहितका वक्ताले शुभकामना मन्तव्य राखेका थिए । बुधबारसम्म चल्ने प्रशिक्षणमा मधेश प्रदेशका आठ जिल्लाका एक सय बढी महिला नेत्रीको सहभागिता छ ।

## मेयरको बेवास्तापछि शिक्षक कर्मचारी आन्दोलित

*कञ्चनरूप नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम घिमिरेले नगर प्रमुख ललन प्रसाद गुप्ताले बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनका लागि अख्तियारी नदिँदा कर्मचारी तलबभत्ताबाट वञ्चित हुनुका साथै पालिकाको विकास निर्माणका कार्यसमेत रोकिएको बताए ।*




**अनिल पोखरेल**
**राजविराज ।**
सप्तरीको कञ्चनरूप नगरपालिकामा सामुदायिक विद्यालयका शिक्षक, कर्मचारी तलबभत्ता माग गर्दै मङ्गलबारदेखि आन्दोलनमा उत्रिएका छन् । तीन महिना बित्दासमेत शिक्षक, कर्मचारीले तलब नपाएको भन्दै पालिकाका सामुदायिक विद्यालयका शिक्षक, कर्मचारीले सामूहिक ¥याली, विरोध प्रदर्शनसहित आन्दोलन गरेका छन् । कञ्चनरूप नगरपालिकाको प्राङ्गणमा धर्ना बसेका शिक्षक कर्मचारीले नगर प्रमुख ललन प्रसाद गुप्ता र शिक्षा शाखा संयोजक नवराज खड्काका कारण समयमा तलबभत्ता निकासा नभएको आरोप लगाए । आन्दोलनरत शिक्षकले कञ्चनपुर नगर परिक्रमा गरी तलबभत्ता निकासाका लागि दबाब दिन धर्नामा बस्नु परेको प्रधानाध्यापक महेश परियारले बताए । तलब निकासा गर्ने विषयमा कञ्चनरूप

बाँकी पृष्ठ २ मा

## कमला बचाउ अभियानमा गगनको साथ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका महामन्त्री एवम् संघीय सांसद गगन कुमार थापाले कमला बचाउ अभियानलाई राष्ट्रियस्तरबाट सहयोग गर्ने प्रतिवद्धता जाहेर गरेका छन् । मंगलबार धनुषाको कमला नगरपालिका वडा नम्बर ५ स्थित वृक्षारोपणमा सहभागी हुँदै नेता थापाले कमला नदी दोहन रोक्न र बचाउका लागि अभियानका संयोजक विक्रम यादवले गरेको पहलको खुलेर प्रशंसा गरे ।
उनले २ वर्षमा आफूले नै रोपेको विरुवाको जंगल हेर्न पाउने र पुनः तस्बिर खिचाउन पाइने भएपछि अभियानप्रति कृतज्ञता प्रकट गरे । कमला बचाउ अभियानको पहलमा कमला नगरपालिका वडा नम्बर ५ स्थित निर्माणाधीन कमला मन्दिर पछाडि प्रांगणमा 'मिया वाकी' प्रविधिबाट जंगल लगाउने कार्य सुरु भएपछि थापाले यस्ता प्रविधिबारे आफूले पहिलोपटक सुनेको बताए । कमला बचाउ अभियानको पहलमा मिथिला वाइल्डलाइफ ट्रस्टद्वारा मंगलबारबाट सुरु भएको 'मिया वाकी' प्रविधिको वनजंगल लगान उद्घाटन भएको हो । थापाले ट्रस्टका अध्यक्ष देवनारायण मण्डलसहित समन्वय गर्ने प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालयका अधिकृत एवम् वृक्षमानवका उपाधी पाएका पर्यावरण अभियानी सुरेश शर्माको पनि प्रशंसा गरे ।
सोहीक्रममा थापाले कमला बचाउ अभियानकै पहलमा कमला–४ र ५ बीचमै पर्ने मुसहरी टोलमा निर्माण गरिएको समुदायिक सिकाई केन्द्र पनि उद्घाटन गरे । नेता थापाले स्थानीय मुसहर बालबालिकालाई निरन्तर र नियमित पढ्न सल्लाह दिए । कमला नगरपालिका–५ लक्कडस्थित पासमान टोलमा निर्माण गरिएको सामुदायिक सिकाई केन्द्र पनि थापाले उद्घाटन गरे । कमला नगरपालिका–५ का वडाध्यक्ष शिवा पासवानको अध्यक्षता तथा नेता थापाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।
'मिया वाकी' प्रविधिबाट सुरु गरिएको वृक्षारोपणका लागि कमला नगरपालिकाका मेयर विशेश्वर प्रसाद यादवले अध्यक्षता गरेका थिए । वन निर्देशनालयका अधिकृत सुरेश शर्माले कमलाको बञ्जर जमिनलाई हराभरा

बाँकी पृष्ठ २ मा

## शाखा अधिकृतलाई मुद्दा

**जनकपुरधामः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश, जनकपुर, धनुषाका शाखा अधिकृत मीनबहादुर भट्टराईविरुद्ध भ्रष्टाचारको मुद्दा दायर भएको छ ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको मुद्दा दायर गरेको हो । तत्कालीन भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरका अधिकृत तथा हाल मन्त्रालयका शाखा अधिकृत भट्टराईविरुद्ध चार करोड रुपैयाँ भन्दा बढी रकम भ्रष्टाचार दाबीसहित विशेष अदालतमा मुद्दा दायर भएको छ । २०५४ सालमा सेवा प्रवेश गरेका भट्टराईले सेवा अवधिमा चार करोड ४० लाख १५ हजार नौ सय २५ रुपैयाँ गैरकानुनी सम्पत्ति जोडेको र वैधानिक स्रोत नखुलेको अख्तियारले दायर गरेको मुद्दामा दाबी गरिएको छ ।

सुवर्ण अवसर
Dr. Abhay Yadav (MS)
Head of Department of Orthopedic & Spine Surgery
Novic Hospital & Vayodha Hospital

यही २०८० माघ २० गते शनिबार नेपालकै प्रख्यात तथा बरिष्ठ हाडजोर्नी तथा Spine Surgery डा. अभय यादवबाट सेभ लाइफ हस्पिटलमा OPD (बहिरंग सेवा) शुरु हुने भएकोले इच्छुक महानुभावहरुले आफ्नो काम सुरक्षित रजिष्ट्रेशन गर्नु हुन हार्दिक अपिल गर्दछौं।
आगामी OPD तथा परामर्शको लागि हस्पिटल प्रशासनसंग सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं। साथै मंसिर १ गतेदेखि निःशुल्क हेमाडायलसिस सेवा नेपाल सरकारद्वारा विपन्न कोष अनतर्गत कार्यक्रम शुरु भईसकेको तथा ठाउँ नपाएर डायलसिस निःशुल्क नपाउनेहरुले हस्पिटल प्रशासनमा सम्पर्क गर्न सकिनेछ।




सेभ लाइफ हस्पिटल
जनकपुरधाम–८ (पगलाबाबा धर्मशालाको दक्षिणपट्टी)
email:savelifehospital2077@gmail.com
सम्पर्क नं.-9851208156, 9818200948



# सभामुख क्रिकेट कपमा धनुषा विजयी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा जारी सभामुख क्रिकेट कपमा धनुषा विजयी भएको छ । मंगलबार रामजानकी बहुउद्देश्य अन्तर्राष्ट्रिय रंगशालामा सप्तरीलाई ३३ रनले पराजित गर्दै धनुषा विजयी भएको हो । टस जितेर धनुषा टिम पहिला बलेबाजी गर्ने निर्णय गरेका थिए । निर्धारित ४० ओभरमा धनुषा टिम सबै विकेट गुमाएर एक सय ८३ रनको लक्ष्य सप्तरी समक्ष प्रस्तुत गरेका थिए । धनुषाका लागि सर्वाधिक अलि असगरले ४४ बलमा ३४, साइमोन रोयले १९ बलमा ३३ र पशुराम यादवले ५७ बलमा २७ रनको योगदान दिए । आठ नम्बरमा ब्याटिङ गर्न आएका साइमोनले आक्रमक ब्याटिङ गर्दै टिमको स्कोर उच्च बनाएका थिए । उनले १९ बलको समाना गर्दा पाँच चौका र एक छक्का प्रहार गरे ।

ओपनर म्यान यादव टिमको २५ रन स्कोर हुँदा नै आउट भएका थिए । त्यसपछि ब्याटिङमा आएका पशुराम यादव र हिमांशु दत्तले संघर्ष गरेका थिए । यद्यपि उनीहरु टिमको स्कोर उच्च बनाउन नपाउँदै पबेलियन फर्केका थिए । दत्तले ५० बलमा १६ र पशुरामले ५७ बलमा मात्र २७ रन बनाउन सके ।

सप्तरीका लागि बलिङ गरेका रोहन विक र नितेश यादवले तीन तीन विकेट लिए । यस्तै, अनिल यादवले दुई र अभिषेक कार्कीले एक विकेट लिए । विशाल लक्ष्य पाएका सप्तरी टिम जवाफी ब्याटिङ गर्दा ३९ ओभर दुई बलमा सबै विकेट गुमाएर मात्र एक सय ४९ रन बनाउन सके । सप्तरीका लागि राहुल मण्डलले सार्वधिक ४२ बलमा ४० रन, अमित कुमार यादव ३९ बलमा २६ रन र अभिषेक कार्कीले ४३ बलमा १८ रन बनाए । यस टिमका अन्य ब्याट्स म्यानले सम्मानजनक रन बनाउन सकेनन् । धनुषाका लागि बलिङ गरेका अखिलेश ठाकुरले आठ ओभरमा ३४ रन खर्चेर तीन विकेट लिए । यस्तै, रुपेश यादव, अभिजित मण्डल र विक्रान्त यादवले समान दुई दुई विकेट लिए । यस खेलको म्यान अफ दि म्याच धनुषाका अखिलेश ठाकुर घोषित भएका थिए ।

# सामानसहित ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**बारा ।**
जिल्ला प्रहरी कार्यालय बाराले बिल बिजकभन्दा बढी लोड रहेको खुद्रा समानसहित ट्रकलाई नियन्त्रणमा लिएको छ । करिब साढे ४२ लाख मूल्य बराबरको खुद्रा समानसहित बाराको पथलैयाबाट ट्रक नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । विशेष सूचनाको आधारमा बारा प्रहरीले चलाएको जाँच अभियान अन्तर्गत जिल्लाको पथलैयाबाट खुद्रा सामानसहित ट्रकलाई नियन्त्रणमा लिएको प्रहरी प्रवक्ता दधिराम न्यौपानले जानकारी दिए । वीरगंजबाट काठमाडौँतर्फ जाँदै गरेको ना ५ ख ३५५९ नम्बरको ट्रकलाई जाँच गर्दा बिल बिजकभन्दा बढी लोड रहेको समान प्रहरीले बरामद गरेको हो । प्रहरी प्रवक्ता दधिराम न्यौपानेका अनुसार नियन्त्रणमा लिइएको ट्रकसहित खुद्रा समान थप कारबाहीका लागि सम्बन्धित निकायमा पठाइएको छ । ट्रकबाट ४० लाख ४४ हजार ७२७ रुपैयाँ बराबरको समान नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । यसैगरी बारा प्रहरीले जिल्लाको आदर्शकोतवाल गाउँपालिकाबाट दुई लाख रुपैयाँ मूल्य बराबरको बिल नभएको गुट्खा र चुरोटसमेत बरामद गरेको छ ।

# भन्सार छलीका सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरी पर्साले ३६ लाख रुपैयाँ मूल्य बराबरका भन्सार छलीका सामान बरामद गरेको छ । वीरगंज महानगरपालिका वडा नं. १६ भुटनदेवी मन्दिर पछाडीबाट सामान बरामद गरेको सशस्त्र प्रहरी जनाएको छ । दश वटा साईकलमा लोड गरी ल्याउदै गरेको अवस्थामा कस्मेटिक्स सामान तथा जुत्ता बरामद गरिएकोसशस्त्र प्रहरी पर्साका प्रहरी नायब उपरीक्षक प्रवक्ता संगम श्रेष्ठले जानकारी दिए । प्रहरीलाई आएको विशेष सूचनाको आधारमा जाँच गर्दा ३६ लाख ३९ हजार रुपैयाँ मूल्य बराबरका सामानहरु बरामद गरिएको श्रेष्ठले बताए ।सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सिमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको सशस्त्र प्रहरीको टोलीले उक्त सामान बरामद गरेको हो ।बरामद गरेका सामान आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाएको प्रहरीले जनाएको छ ।

# न्यानो कपडा वितरण

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको इन्दु लाखे आधारभूत विद्यालयका दुई सय जना बालबालिकालाई न्यानो कपडा वितरण गरिएको छ । मंगलबार पर्साको वीरगंजस्थित माईस्थान बाल मन्दिरमा रहेको इन्दु लाखे आधारभूत विद्यालयका बालबालिकालाई उपकार सेवा नेपाल र शिवशक्ति घ्यू उद्योगले संयुक्त रुपमा न्यानो कपडा वितरण गरेको हो । वीरगंज महानगरपालिका वडा नम्बर ७ मा रहेको माईस्थान बालविद्या मन्दिर ईन्दु लाखे आधारभूत विद्यालयका बालबालिकाहरुलाई विद्यालयमै पुगेर संस्थाका प्रतिनिधिहरुले स्वीटर, टोपीलगायतका न्यानोकपडा वितरण गरेका हुन् । सो अवसरमा १० बालबालिकालाई जुत्ता समेत उपलब्ध गराइएको छ । कार्यक्रममा उपकार सेवा नेपालकी अध्यक्ष बिद्या कुमारी सरावगी, सदस्यहरु सुमन बगेडिया र अङ्कुर शर्मा, शिवशक्ति घ्यु उद्योगका लेखा प्रमुख ललित कुमार शर्मा, प्रसाशकीय अधिकृत प्रमोद कुमार पटेललगायतको उपस्थिति रहेको समाजिक अभियानता प्रकाश थारुले जानकारी दिए ।

# जनमतको वडा अधिवेशन सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टीको पोखरीया नगरपालिका वडा नम्बर –६ मा वडा अधिवेशन सम्पन्न भएको छ । मंगलबार भएको वडा अधिवेशनले स्थानीय जगण चौहानको अध्यक्षतामा २१ सदस्यीय वडा एकाई कमिटी गठन गरेको छ । कमिटीको उपाध्यक्षमा त्रिभुवन दास, हलिमा खातुन, सचिवमा उज्यन्त साह, स–सचिवमा राघो रौनियार लगायत रहेका छन् । कार्यक्रम जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सरार्फ, महेश चौरसिया, आशा चौहान, केन्द्रिय सदस्य बिधालाल प्रसाद, अनिता रौनियार , सुजित चौरसिया लगायतका सहभागिता थियो । यसैगरी मंगलबार नै आयोजित एक कार्यक्रमकाबीच नेपाल सदभावनापार्टीका जिल्ला अध्यक्ष कृष्णा पटेल जनमत पार्टीमा प्रवेश गरेका छन् । जनमत पार्टीका जिल्ला अध्यक्ष ओमप्रकाश सरार्फ एवं राजनीति समितिका सदस्य सिपु तिवारीले संयुक्त रुपमा पटेललाई सदस्यता प्रदान गरेका हुन् ।

# 'समुदायमा कांग्रेस' वडास्तरीय अभियान सुरु

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको २० वटा पालिकाका दुई सयवटै वडामा मंगलबारदेखि 'समुदायमा कांग्रेस अभियान' सुरु भएको छ । नेपाली कांग्रेसको केन्द्रीय कार्य समितिको निर्णय अनुसार जिल्लाका २० पालिकाका दुई सय वटै वडामा मंगलबारदेखि 'समुदायमा कांग्रेस अभियान' सुरु गरिएको हो ।

नेपाली कांग्रेस केन्द्रीय समितिले 'समुदायमा जाऔं, जनताका कुरा सुनौं' अभियानको नारा तय गरेको र सोही अनुसार देशैभरी मंगलबारदेखि 'समुदायमा कांग्रेस अभियान' सुरु भएको नेपाली कांग्रेस मधेश प्रदेश समितिका उपसभापति एवम मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र प्रसाद सिंहका स्वकीय सचिव एवम कांग्रेस मधेश प्रदेश प्रचार प्रमुख निकेश त्रिपाठीले जानकारी दिए । उनका अनुसार माघ १६ गते मंगलबारदेखि २६ गते शुक्रबारसम्म जनताका अपेक्षा,सुझाव र गुनासा सुन्ने गरी अभियान सञ्चालन गर्न लागिएको हो । अभियान सञ्चालनका लागि नेपाली काँग्रेसको केन्द्रीय प्रतिनिधिको रूपमा गणेश लामा र कांग्रेस मधेश प्रदेश उपसभापति चन्द्र शेखर कुमार यादवलाई खटाइएको छ । काँग्रेस सर्लाहीका सभापति सुरेन्द्र प्रसाद सिंहको अध्यक्षतामा बसेको नेपाली कांग्रेस जिल्ला समिति सर्लाहीको बैठकले सर्लाहीका २० वटै पालिकाका दुई सय वटै वडाहरुमा अभियान सञ्चालन सुरु गर्ने निर्णय गरे अनुसार जिल्लाका २० वटै पालिकाका दुई सय वटै वडामा एकैसाथ कार्यक्रम सुरु भएको नेपाली कांग्रेस निटक तरुण दलका केन्द्रीय सदस्य विभुसिंह थापाले जानकारी दिए ।सहिद दिवसको अवसर पारेर कांग्रेसले मंगलबारदेखि औपचारिक रुपमा अभियानको सुरुआत गरेको हो । अभियानअन्तर्गत अन्तर्गत सबै वडा तहमा कार्यक्रम हुने गरेको कांग्रेसले जनाएको छ ।२६ गतेसम्म सञ्चालन हुने अभियानमा नेताहरूले जनताका कुरा सुन्नेतर, त्यसका लागि औपचारिक कार्यक्रम भने नहुने कांग्रेसले जनाएको छ ।




यता, नेपाली काँग्रेस बाराले पनि संगठन सुदृढिकरण कार्यक्रम अन्तरगत समुदायमा कांग्रेस अभियान सुरु गरेको छ । मंगलबार बारामा कार्यक्रमको सुभारम्भ गर्दै नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवं पूर्व सांसद अनिल रुंगटाले संगठनलाई मजबुद बनाउन गाउँ–गाउँ, टोल–टोलका कांग्रेस कार्यकर्तालाई समेटन अभियान सुरु गरिएको बताए । नेपाली काँग्रेस एकजुट भए कुनै पनि शक्तिलेकांग्रेसलाई हराउन नसक्ने दाबी गर्दै उनले सबै नेताकार्यकर्ता एकजुट भएर आगामी चुनावका लागि तयारी गर्नुपर्ने बताए । नेपाली काँग्रेस बाराका सभापति राजेश राय यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा काँग्रेसका क्षेत्रिय सभापति लोकेश सिंह लगायतका नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो । सो अवसरमा कलैया उपमहानगरपालिका वडा नम्बर ९ मा वृक्षारोपण समेत गरिएको थियो ।

# वर्षामा हिलाम्मे, हिउँदमा धुलाम्मे 'बर्थिङ सेन्टर'



**रासस**
**सिरहा ।**
सिरहाको गोलबजार नगरपालिका–६ स्थित प्रसूतिगृह (बर्थिङ सेन्टर) को भौतिक संरचना जीर्ण भएको छ । जस्ताले छाएको सो प्रसूति गृहमा वर्षामा दबदबे हिलोमा उभिएर र हिउँदमा धुलैधुलोमाथि प्रसूति गराइने गरिइएको छ । प्रसूति गृहको जस्तापाता खियाले खाएर ठाउँठाउँमा प्वाल परेको छ भने टहराको वरिपरि वनमाराको घारी छ ।प्रसूतिगृहमा कार्यरत सिनियर अनमी मिश्रीकुमारी श्रेष्ठका अनुसार वर्षायाममा पानी चुहिएर सुत्केरी र नवजात शिशुको आङमा पानीको थोपा खस्ने गर्छ । भुइँ हिलाम्मे भई स्वास्थ्यकर्मी दबदबे हिलोमा उभिएर प्रसूति गराउँछन् । उनले भनिन्, 'वैशाखमा टन्टलापुर घाम र उखरमाउलो गर्मी हुन्छ । जस्तापाता तातिएर उखुम हुन्छ । नजिकै सडक भएकाले सवारीसाधन आवतजावत हुँदा हिउँदमा निस्सासिँदो धुलो उठ्ने गर्दछ ।' स्वास्थ्यकर्मीले गर्भवती र नवजात शिशुको ज्यान जोखिममा राखेर सुत्केरी गराउनु पर्ने अवस्था छ ।

'सुत्केरी र नवजात शिशुलाई भित्र राख्नै सकिँदैन' उनले भनिन्, 'प्रसूति गृह वरिपरि वनमारा र घाँसपातको घारी छ । गर्मी र वर्षाको समयमा विषालु सर्प भित्रैसम्म आइपुग्छ । हामी स्वास्थ्यकर्मी लठ्ठी लिएर सर्प धपाउन चनाखो भएर बस्नुपर्छ ।' अनमी श्रेष्ठका अनुसार यस प्रसूतिगृह दुई–चार वर्ष पहिल्यैदेखि नै यस्तो अवस्था रहँदै आएको छ, यसको स्तरोन्नति गर्न गोलबजार नगरप्रमुख श्यामकुमार श्रेष्ठलाई जानकारी गराइएको भएता पनि समाधान हुनसकेको छैन ।विसं २०६३ देखि यस प्रसूति गृहमा कार्यरत सिनियर अनमी निरीक्षक सविता शाक्य पञ्जियारको पनि उस्तै गुनासो छ । वर्षौंदेखि बेहाल रहेको भवनबाट सेवा गर्न बाध्य भएको उनको भनाइ छ । 'प्रसूति गृहको एउटा सानो वैकल्पिक टहरो पनि लोकमार्ग विस्तारका कारण भत्काइयो । यो सानो टहरोभित्र दुईवटा शय्या राखिएको थियो । यो टहरो भत्काइएका कारण शैया झिकेर कौसीमा राख्नुपरेको छ' उनले भनिन्, 'वर्षामा बाछिटा र जाडोमा सिरेटो सहेर भए पनि सुत्केरी आमालाई यही शय्यामा सुताउनुपर्छ ।'

गोलबजार स्वास्थ्यचौकीका प्रमुख सत्यनारायण यादवले जीर्ण प्रसूतिगृहको भौतिक संरचना सुधार तथा सुविधासम्पन्न ठाउँमा स्थानान्तरणको लागि पटकपटक पहल गरेता पनि केही प्रगति हुन नसकेको गुनासो गरे । 'प्रसूति गृहको मुख्य टहरो पनि ज्यादै साँघुरो छ । कोठामा छिर्ने ढोका नै साँघुरो छ । नागबेली परेर बल्लतल्ल भित्र छिर्न सकिन्छ । सुत्केरी हुन आउने आमालाई शय्यासम्म लैजान कठिन हुन्छ । चालीस स्क्वायर फिटको कोठामा शिशुलाई न्यानो राख्ने हिटर, लेवर शय्या, सुत्केरी भएपछि सुताउने शैया, अक्सिजन सिलिन्डर, सक्सन मेसिन र अन्य उपकरण राख्नुपरेको छ । दुईजना स्वाथ्यकर्मी र एकजना सुत्केरी व्यथाले च्यापेको आमालाई ओल्टोकोल्टो फर्किनै कठिन हुन्छ', उनले भने, 'नालाको पानी बगेर प्रसूति केन्द्रकै अगाडि जम्छ । कुनै निकास छैन । फोहर पानी टेकेर भित्र पस्नुपर्छ । साह्रै सास्ती छ । सम्बन्धित निकायको पटकपटक ध्यानाकर्षण गराएका छौँ, तर कुनै सुधार हुँदैन ।'

एकजना मात्र प्रसूति आमा हुँदा त जेनतेन सेवा दिइने तर यदाकदा दुई–तीनजना थपिँदा कहाँ राख्ने भन्ने समस्या हुने गरेको स्वास्थ्यकर्मीको गुनासो छ । प्रसूति केन्द्र २४सैँ घण्टा खुला राख्नुपर्ने हो तर स्वास्थ्यकर्मीले टुसुक्क बस्ने ठाउँ पनि छैन । पाले सुत्ने खाटमा अहिले 'अल्ट्रासाउण्ड' गरिन्छ । स्वास्थ्यकर्मी रातको समयमा डेरामा बस्छन् । सेवाग्राही प्रसूति आमा आउँदा स्वास्थ्यकर्मी बोलाउन डेरासम्म पुग्नुपर्छ । प्रसूति गृहमा बत्ती गएका बेला बाल्ने वैकल्पिक साधन छैन । कहिलेकाहीँ टर्च बालेर सुत्केरी गराउनुपर्छ ।नेपाली कांग्रेस गोलबजार नगरसभापति राजदेव साहसुत्केरी गराउने स्थानमा यस प्रकारको समस्या हुनु लज्जाको विषय भएको बताउँछन् । उनी भन्छन्, 'प्रसूति सेवाको यो हालत छ, लज्जास्पदभन्दा पनि जनताको स्वास्थ्यसँग हदैसम्मको खेलवाड गरिएको छ । नगरपालिका गोलबजारको ध्यान जानुपर्ने हो ।' सभापति साहका अनुसार गोलबजारबाट प्रसूति सेवा लिन २० किलोमिटर पूर्व लहान जानुपर्ने बाध्यता छ । साठी हजारभन्दा माथि जनसंख्या भएको गोलबजार नगरपालिकामा एकजना 'एमबिबीएस' चिकित्सक छैनन् । हालैस्वास्थ्य सेवा विभागले सो प्रसूति गृहलाई 'अल्टा«साउण्ड मेसिन' प्रदान गरेको थियो । त्यो पनि सञ्चालनमा नआई बिग्रिएको छ । सि अनमी निरीक्षक शाक्यले भनिन्,'मैले तालिम त लिएर आएँ, तर मेसिन त बिग्रेको आएछ । कसरी काम गर्ने ? नगरपालिकालाई जानकारी गराएको छु । अहिलेसम्म कुनै वास्ता गरिएको छैन ।'स्थानीय ७५ वर्षीय उद्धवबहादुर अधिकारीका अनुसार यो टहरो तत्कालीन सडक विभागले सुरक्षाकर्मी राख्न बनाएको थियो । सडक विभागले खाली गरेर वर्षौंदेखि रित्तो रहेको टहरोलाई सफा गरेर तत्कालीन अवस्थामा प्रसूति गृह बनाइएको बताइएको छ । तीस वर्ष बित्यो तर प्रसूति गृहको जीर्णोद्धारसमेत भएन । '२१औँ शताब्दीमा बाख्रा गोठजस्तो टहरामा प्रसूति सेवा सञ्चालन भइरहेको छ' उनले भने ।

गोलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीधर केसीले भने उक्त प्रसूति गृहमा जग्गाको विवाद भएकाले मर्मतसम्भार गर्न नसकिएको जानकारी दिए । उनका अनुसार नगरपालिकाले प्रसूति गृहलाई अन्यन्त्र स्थानान्तरण गरिने प्रक्रिया सुरु गरेको छ । तर स्थानीयले भने नगरपालिकाले धेरै पहिलादेखि यस्तो आश्वासनमात्र दिएको र जनताको आँखामा छारो हाल्ने काम भएको टिप्पणी गरेका छन् । विसं २०५० मा स्थापना भएको यस प्रसूति गृह गोलबजार स्वास्थ्यचौकी मातहतमा छ । महिनामा करिब एक सय ५० गर्भवतीको स्वास्थ्य परीक्षण र २५ देखि ३० जनालाई प्रसूति सेवा प्रदान गरिएको दर्ता रजिष्ट्ररमा देखिन्छ । तत्कालीन समयमा यस प्रसूतिगृह स्थापना गर्न पहल गरेका७४ वर्षीय समाजसेवी रामजी यादवले भग्नावशेष प्रसूतिगृहको बिजोग अवस्था देखेर आफूलाई चिन्ता लागेको बताए । उनले भने, 'तीस वर्षअघि हामीले जस्तो स्थापना गरेका थियौँ, आज पनि त्यस्तै अवस्थामा रहेछ । कुनै सुधार भएको रहेनछ । प्रसूतिगृहको यो अवस्था देखेर मनमा असाध्यै पीडावोध हुन्छ ।'

*आँशु दुःखको मौन भाषा हो ।*
*–भोल्तेयर*

## सम्पादकीय

# एनसेलको कर छली

*नेपाल टेलिकमको प्रतिस्पर्धी कम्पनी बनेर नेपाल आएको एनसेल तत्कालीन मेरो मोबाइलबारे सरकारबाट गठित छानबिन समितिले प्रधानमन्त्री पुष्पकमल दाहाललाई प्रतिवेदन बुझाएको छ । प्रतिवेदनमा एनसेलबारे विस्तृत विवरण उल्लेख छ । नेपालमा सबै जनताको मुखमा झुण्डिएको छ कि, ‘एमसिसी चाहिन्न, एनसेलसँग लिनु पर्ने ६५ अर्ब कर उठाऊ ।’ ५० अर्बको एमसिसी चाहिन्न भन्नेहरुले एनसेलसँग कुनै पनि सरकारले कर लिन नसकेको बताउने गरेका थिए । यसपटक एनसेलको पटकपटकको किनबेचमा उसले ८५ अर्ब रुपैयाँ कर छली गरेको पाइएको छ । उसको किनबेचको स्रोत अपारदर्शी मात्र होइन, कर छलीको आँकडा पनि ठूलो देखिएको छ । यो विषय एनसेलको शेयर बिक्रीबारे छानबिन गर्न गठन भएको उच्चस्तरीय छानबिन समितिले प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ लाई बुझाएको प्रतिवेदनमा पनि उल्लेख छ । सोमबार सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा करिब डेढ महिनाभन्दा बढी समय अनुसन्धान गरेर समितिले प्रधानमन्त्री प्रचण्डलाई प्रतिवेदन बुझाएपछि सरकारले लिने एक्सनबारे केही अनुमान गर्न सकिन्छ । कम्तीमा यस विषयमा छानबिन गर्ने सरकारको कार्य नै प्रशंसनीय छ । गफ गरेर नथाक्ने पुराना सरकारहरुले जनताको यति माग पनि सुन्न चाहेका थिएनन् ।*

*प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाएपश्चात् सञ्चारकर्मीसँगको कुरामा समितिका संयोजक टंकमणि शर्माले एनसेल शेयर खरिद बिक्रीमा अध्ययन गर्न बनेको समितिले थप छानबिन गर्ने गरी प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाइएको बताए । यसको अर्थ एनसेलबारे अध्ययन सकिएको होइन, अझै बाँकी छ । यो प्रारम्भिक छानबिन मात्र हो । उनको आसय थियो कि, एनसेलको पटकपटक शेयर खरिद बिक्री हुँदा राज्यका कतिपय निकायले समेत निकम्मापन देखाउँदा राष्ट्रले ठूलो रक क्षति बेहोरिरहेको थियो । आफ्नो जिम्मेवारी पालना नगरेको देखिएकाले थप छानबिन गर्न सिफारिस गरिएको भएको उनले बताए । एनसेलको प्रतिवेदन हेरेर कारबाही प्रक्रिया अघि बढाउने त छदैँछ, अरु छानबिनको दायरामा पनि एनसेलन परिरहने छ । संयोजक शर्माले समितिले छानबिन र अनुसन्धान गर्दा पटकपटक शेयर खरिद बिक्रीका क्रममा स्रोत नखुलेको सम्पत्ति प्रयोग भएको आशंका रहेको भन्दै संलग्नमाथि सम्पत्ति शुद्धीकरणको पाटोमा अनुसन्धान गर्न सिफारिस गरिएको बताए । नेपालबाट बाहिरिने निर्णय गरेको आजिआटाले नेपालमा लगानीको वातावरण छैन भनी दिएको प्रतिक्रियामा समेत सत्यता नभएको छानबिन समितिको निष्कर्ष छ ।*

*शर्माले एनसेलले नेपाल सरकारलाई बुझाउनुपर्ने कर गैरकरसहित ८५ अर्ब रुपैयाँ बराबरको कर छली गरेको अध्ययनमा देखिएको बताएका छन् । उनले दिएको प्रतिवेदनमा पनि यो कुरा उल्लेख छ । अब एनसेललाई कारबाहीका लागि बाटो मात्र खुलेको छैन । ठूलो धनराशी कर पनि राज्यले लिने बाटो खुल्न सक्छ । आजियाटा ग्रुप बहार्ड र स्पेक्ट्रालाइट युकेबीच १ डिसेम्बर २०२३ मा भएको एनसेल आजियाटाको शेयर खरिद बिक्री सम्झौता स्वतन्त्र ढङ्गले भएको स्वाभाविक सम्झौता मान्न सकिने नदेखिएको प्रतिवेदनमा उल्लेख छ । एनसेलको हालसम्म १४ पटक शेयर तथा स्वामित्व खरिद बिक्री भएको पाइएको छ । खरिद बिक्रीमा धेरैजसो कारोबार नेपालबाहिर नै अफसोर्सरूपमा भएको छ । कतिपय नेपाली शेयरधनीको कारोबारको भुक्तानी नेपालको बैंकिङ्ग प्रणालीबाट नभई देशबाहिर समेत भएको देखिएको छ । विगतका एनसेल कम्पनीको शेयर खरिद बिक्रीमा विभिन्न कम्पनीमार्फत नेपालमा र विदेशमा अपारदर्शीरूपमा भएका कारोबार राजश्व चुहावट, विदेशी मुद्रा अपचलन र सम्पत्ति शुद्धीकरण भएको हुनसक्ने देखिएकाले सम्बन्धित निकायबाट अनुसन्धान गर्न समितिले आग्रह गरेको छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# मातृभाषाको पाठ्यपुस्तकमा लगानी जुटाऔँ



सञ्जय साह मित्र

विद्यालय स्तरको पाठ्यक्रममा कक्षा आठसम्म मातृभाषा वा स्थानीय विषय राखिएको छ। यसलाई धेरैले फरक फरक किसिमले बुझेका छन्। कतिपयले सोझै कुनै विषय राखेर पठनपाठन गरेका छन्। अझ कतिपय विद्यालयमा त अन्तिमको घन्टीमा यसलाई राखेका छन् जब विद्यार्थी सोझै भाग्दछन् वा कुनै पढाइ नै हुँदैन। यसलाई अर्को किसिमले पनि बुझ्न सकिन्छ, वास्तवमा मातृभाषा वा स्थानीय विषय अधिकांश विद्यालयमा पठनपाठन हुँदैन। जुन उद्देश्य लिएर यसलाई पाठ्यक्रममा राखिएको छ, पाठ्यक्रममा राखिएको पनि कैयौँ वर्ष बितिसक्दा पनि यसको कार्यान्वयन हुन सकेको छैन। मातृभाषा वा स्थानीय विषयको विषयमा केही कन्फ्युजनहरु रहेका छन् र केही हदसम्म आर्थिक कारणले पनि यसको कार्यान्वयन हुन सकेको छैन। यसको कार्यान्वयनमा कुनै पक्ष खासै जिम्मेवार हुन नसकेको तथा लागू गराउन खासै कतैबाट कुनै पहल पनि भइरहेको पाइएको छैन। बुद्धिजीवी, पाठ्यक्रमविद्हरु तथा शिक्षाको क्षेत्रमा अध्ययन गर्न सक्नेहरुले यसलाई गम्भीरतापूर्वक लिन सकेको पाइएको छैन। शिक्षा क्षेत्रमा कार्यरत संस्थाहरुले पनि यस विषयलाई खासै गम्भीरतापूर्वक लिएको पाइएको छैन। यो एउटा गम्भीर बहसको विषय हो र यसको बारेमा सम्बन्धित क्षेत्रले अब सार्थक विमर्शको थालनी गर्नु परेको छ। पाठ्यक्रमले लिएको यससम्बन्धी वास्तविक उद्देश्यको कार्यान्वयनमा भइरहेको ढिलाइले शिक्षामा कस्तो प्रभाव परिरहेको छ भन्ने विषय वा क्षेत्रतिर पनि कसैको ध्यान जान नसकेको वर्तमान अवस्थालाई अलिकति अगाडि बढाउनु परेको छ।

अलिकति लचिलो भएर पालिकाहरुले लिएका छन्। स्थानीय पाठ्यक्रम निर्माण वा मातृभाषाको पाठ्यक्रम निर्माणको लागि सम्बन्धित पालिका नै जिम्मेवार हुनुपर्ने बताइएको छ। पाठ्यक्रमको स्वरुपमा यसलाई अनिवार्य बनाइएको छ तर कार्यान्वयनको लागि कतैबाट कुनै ताकेता आइरहेको देखिएको छैन। ताकेता नहुँदा यस विषयको महत्वलाई पनि बुझ्न तयार नभएको जस्तो देखिएको छ। यसै गरी स्थानीय सरकारहरुले यसमा पालिकाको लगानी खेर जाने क्षेत्रमा भएको जस्तो बुझेका छन्। यसको लागि राज्यले दरबन्दी दिएको छैन र साथै पाठ्यपुस्तक खरिद गर्न वा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण तथा छपाइको लागि रकमको व्यवस्था गरेको छैन। यही मुख्य भनाइ पालिकाको शिक्षा शाखा वा पालिकाको रहेको हुन्छ। यसै गरी पालिकामा शिक्षालाई हेर्ने कुनै मुख्य शिक्षक, पालिका प्रमुखलाई यस किसिमको क्षेत्र हेर्ने व्यक्तिले पनि पालिका प्रमुखलाई कन्भिन्स गर्न नसकेको पनि देखिएको छ। अनि पालिकाले आफैँ अगाडि सरेर यस विषयमा काम गर्नुपर्छ भन्ने सोचाइ पनि रहेको छ अनि पालिकाले किन यतातिर ध्यान दिनुपर्छ भन्ने कुरो पनि बुझ्न चाहेको छैन। यही समस्याले गर्दा मातृभाषा पाठ्यक्रम र पाठ्यपुस्तकको कार्यान्वयन धेरै हदसम्म हुन सकेको छैन।

मातृभाषामा शिक्षा तथा मातृभाषा शिक्षा किन चाहिएको हो ? यसको महत्व र औचित्य के हो ? पाठ्यक्रममा आइसकेपछि अलिकति जान्नु जरुरी पनि छ। सम्भव भएसम्म देशको विद्यालय तहको पाठ्यक्रम निर्माण गर्दाको समयमा यस कार्यमा रहेकाहरुसित समन्वय गरेर यसको बारेमा विस्तृत जान्न सकिन्छ। अझ जान्न जरुरी रहेको छ। नभए, कम्तीमा पाठ्यक्रमले यस किसिमको उद्देश्य लिएको छ भने यसलाई व्यवहारमा उतार्नु पर्दछ। व्यवहारमा नउतार्दा के भएको देखिन्छ भने सात सयको कोर्समध्ये एक सयको कोर्सले दिन सक्ने प्रतिफल दिइरहेको छैन। विद्यार्थीले जति ज्ञान पाउनु पर्ने हो त्यत्ति पाउन सकिरहेका छैनन्। अनि अभिभावकले अझ बढी गम्भीर हुनुपर्ने हो कि बालबालिकाहरुले जति शिक्षा पाउनुपर्ने हो त्यत्ति पाउन सकिरहेका छैनन्। जुन विद्वान्हरुले कोर्समा यस किसिमको व्यवस्था गरे, त्यो त्यत्तिकै गरेका होइनन् होला। अहिले विश्वव्यापी एउटा चलन चलेको छ कि बालबालिकालाई मातृभाषामा शिक्षा दिनुपर्छ। मातृभाषामा नै शिक्षाको आरम्भ गरेर आरम्भिक कक्षाका पढाइहरु गरेको धेरै राम्रो। प्राथमिक तह वा आधारभूत तहसम्मको बालबालिकाको पठनपाठन मातृभाषामा गरेको धेरै राम्रो मान्न थालिएको छ। विश्वमा यस किसिमको अभ्यासको थालनी भइसकेको छ। यसलाई वैज्ञानिक शिक्षा पद्धतिमा पनि राखिन्छ। मातृभाषामा शिक्षा वा स्थानीय पाठ्यक्रमले बालबालिकालाई आफ्नै परिवेशमा सिकाइको वातावरण पाउने, सिकाइको विषयवस्तु पाउने तथा विद्यालयमा सिकेका र पाठ्यपुस्तकमा लेखिएका कुराहरु सजिलैसित देख्न पाउने, भोग्न पाउने तथा व्यवहारमा उतार्न पाउने हुन्छन्। बालबालिकाका लागि शिक्षा बढी प्रयोजनपरक तथा प्रयोगात्मक र व्यावहारिक पनि हुन जाने हुन्छ। शिक्षाको सैद्धान्तिक आधारभन्दा गरेर सिक्ने र सिक्दै गर्नेतिर बालबालिका बढी केन्द्रित हुन सक्छन्। बालबालिकाले आफ्नै गाउँठाउँ, घरपरिवार तथा वातावरणमा सिक्न सकिने धेरै कुरा रहेछन् भन्ने थाहा पाउन सक्छन्। सिक्ने सुरुआत आफ्नै परिवेशबाट सम्भव छ भन्ने व्यवस्थाका लागि मातृभाषा तथा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन अत्यावश्क देखिएको छ।

आजका युवालाई स्थानीय विषयवस्तुबारे खासै धेरै जानकारी प्राप्त रहेको पाइँदैन। आफ्नै वरपर र परिवेशको बारेमा अल्प जानकारी राख्छन्। आफ्नो गाउँको इतिहास, आफू बसेको ठाउँको नामकरण, आफू बसेका वरपर वा छरछिमेकको इतिहास, ऐतिहासिक घटनाहरु, पौराणिक महत्व आदि बारेमा खासै केही जानकारी रहेको पाइँदैन। यतातिर रुचि दिने गरेको पनि पाइँदैन। यो अहिलेको समस्या होइन, धेरै पहिलदेखि नै चलिआएको व्यावहारिक समस्या हो। कुन अर्थमा भने यदि पहिलेदेखि नै सचेत रहेको भए हाम्रा ऐतिहासिकतालाई झल्काउने संग्रहालयहरु हुन्थे, हाम्रो इतिहास र प्राग इतिहासको बारेमा प्रकाश पार्ने ग्रन्थहरु हुन्थे, ऐतिहासिक विषयवस्तुका पुस्तकमा पनि सर्वसाधारणको रुचि हुन्थ्यो तर हाम्रो स्थानीय इतिहास यस दिशामा चुकेको अवश्य हो। यसले गर्दा आफ्नो विषयवस्तु महत्वहीन लाग्न थालेको छ। आज कुनै पालिकालाई तपाईँको पालिकामा कति किसिमका चरा कुन कुन महिनामा पाइन्छन् ? तपाईँको पालिकामा कति किसिमका वनस्पति पाइन्छन् ? कुन बाली उब्जाइन्छ ? अर्थात् जैविक विविधताबारे स्थानीय तहलाई नै खासै जानकारी तथा चासो हुँदैन। यदि यसबारे वा यस किसिमका अन्य सम्बन्धित प्रश्न सोध्ने हो भने जवाफ पाउन सजिलो हुँदैन। तर यस्ता विषय र प्रसंग एवम् सन्दर्भहरुका बारेमा बालबालिकाले जानिराख्नु पर्दछ। कुन घाँस कस्तो हुन्छ भनेर पनि चिन्नु जरुरी छ। कुन वनस्पतिको उपयोग कुन काममा गरिन्छ वा हुँदै आएको छ भनेर पनि बालबालिकाले जान्नु तथा बुझ्नु आवश्यक हुन्छ। यस किसिमका कुराहरुको महत्व बुझ्ने मानिसहरुको अभाव गाउँघरमा पनि हुँदै गएको छ। वास्तवमा स्थानीय वनस्पतिविज्ञहरु हराइरहेका छन्। अहिले प्रविधिको विकास भइसकेको हुनाले स्थानीय वनस्पतिको स्थानीय तथा वैज्ञानिक नाम पनि उमेरअनुसार बालबालिकालाई दिनु परेको छ। स्थानीय लोकगीत, गाथा, प्रविधि, पेसा, विशिष्टता तथा स्थानीय अन्य जानकारीहरु प्रदान गर्नका लागि स्थानीय पाठ्यक्रम व्यवहारमा ल्याउनु परेको छ। मातृभाषा शिक्षा र स्थानीय पाठ्यक्रमले बालबालिकालाई आफ्नो माटोसित जोड्न मद्दत गर्दछ।

आजभोलि विदेश मोह वा विदेश पलायनको समस्या रहेको छ। आफ्नो वा आफ्नोपनप्रति आकर्षण नहुनुले पनि अन्यत्र पलायनको मानसिकता तयार हुने गरेको छ। लहलहैमा लागेर पनि धेरै जना पलायन हुने गरेका छन्। यहाँ केही गर्न सकिन्न भन्ने लागेपछि अन्यत्र पलायन हुने वा यहाँभन्दा अन्यत्र नै धेरै राम्रो छ भन्ने भएपछि पलायनको लालसा मनमा जाग्दछ। पलायनलाई रोक्न केही हदसम्म स्थानीय पाठ्यक्रम र मातृभाषा शिक्षाले पनि भूमिका खेल्न सक्छन्। मातृभाषाको शिक्षाले मातृभाषासित लगाव उत्पन्न गर्न सक्छ र मातृभाषामा रहेका विशिष्ट तत्वहरुले जीवनयापनमा अलिकति सहयोग गर्न सक्छन्। नाम कमाउन र मान आर्जन गर्ने बाटो पनि मातृभाषाले देखाउन सक्छ। आजको युगलाई सूचना तथा सञ्चारको युग पनि भनिन्छ। मातृभाषामा पनि सूचना तथा सञ्चारको आवश्यकता रहेको छ र यदि मातृभाषामा पठनपाठनको व्यवस्था हुन सकियो भने मातृभाषामा पनि रोजगारीको अवस्था सिर्जना हुन सक्छ। रोजगारीले सम्बन्ध र समुन्नतिको बाटोलाई फराकिलो बनाउँछ। गाउँसितको सम्बन्धलाई अझ गहिरो बनाउँछ किनभने जब मातृभाषाले रोजगारी दिन्छ तब मातृभाषाको विभिन्न सांस्कृतिक क्षेत्रपट्टि सबैको ध्यान जान थाल्दछ। मातृभाषालाई जबसम्म रोजगारी र आर्थिक गतिविधिसित जोडिँदैन तबसम्म मातृभाषाको विकास सम्भव हुँदैन। यसैले स्थानीय विषयलाई पनि मातृभाषामा नै उल्ल्ेख गर्न सकिन्छ। मातृभाषाको शिक्षा भन्नाले सामान्य रुपमा मातृभाषामा विभिन्न स्थानीय विधा तथा परम्परागत अभिव्यक्ति कलालाई जोगाउनको लागि र साहित्यमार्फत नै भविष्य बनाउनको लागि मातृभाषामा नै अभिव्यक्त गर्न पनि सिकाइन्छ। मातृभाषाका सीपहरु सिकाउन सकिन्छ। मातृभाषामा रहेका विशिष्टताहरु देखाउन सकिन्छ। यदि मातृभाषामा स्थानीय विषयवस्तु राख्ने हो भने पनि मातृभाषामा नै राख्दा राम्रो हुन्छ। यदि मातृभाषा र स्थानीय विषयलाई एकसाथ मिलाउने हो भने सम्बन्धित स्थानीय तह वा पालिकाका संस्कृति, कला, जीवनशैली, मुख्य धार्मिक तथा ऐतिहासिक पक्ष, चाडपर्व, चालचलन, बालीनाली, वनस्पति, पशुपक्षी, जलाशय, जलाधार, सिमसार, जातजाति आदिलाई समेट्न सकिन्छ। एक पालिका एक्लैलाई सजिलो हुँदैन भने दुई वा बढी पालिका पनि एक ठाउँमा मिल्न सकिन्छ। साथै जिल्लाभरका पालिकाले पनि यस किसिमको उपलब्धिमा एक रुपता ल्याउन सहकार्य गर्न सक्छन्।

यी र यस्ता विषयवस्तु तथा कार्यक्रमका लागि सबैभन्दा बढी आवश्यकता छ लगानीको। लगानी आर्थिक र मानसिक दुवै हुनुपर्छ। पाठ्यक्रम तयार पार्न तथा पाठ्यपुस्तक बनाउन सम्बन्धित पालिकाले बुद्धिजीवीहरुसित सहकार्य गरेर अगाडि बढ्नु उचित हुन्छ। हरेक पालिकामा प्रत्यक कक्षामा कति विद्यार्थी छन्, सोही अनुपातमा कम्तीमा एक वर्षको लागि यदि पाठ्यपुस्तक छपाइ गर्ने हो भने कति लागत लाग्दछ ? यसको अनुमान गर्न खासै गाह्रो हुँदैन। यसै गरी सम्बन्धित क्षेत्रमा कार्यरत रहेका भाषा, साहित्य, संस्कृतिसम्बन्धी संस्थाहरु तथा प्रज्ञा प्रतिष्ठान, भाषा आयोग, पाठ्यक्रम विकास केन्द्र आदिसित समन्वय गरेर पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्न सकिन्छ। पाठ्यपुस्तक निर्माण भएपछि कार्यान्वयनको लागि कुनै ढिलाइ गर्नु हुँदैन। समयमै सबै काम गरिहाल्नु उचित हुन्छ। समयमै कार्यान्वयन नहुँदा वा कार्यान्वयनको औपचारिकताले पनि प्रभावकारितामा असर पारेको हुन्छ। सबैभन्दा आवश्यकता त सही कार्यान्वयनकै हुन्छ। जतिसुकै रामो पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरे पनि यदि समयमा सही किसिमले लागू हुँदैन भने त्यसको उद्देश्य लक्ष्यित वर्गसम्म पुग्न सक्दैन। अनि प्रतिफल राम्रो नआएको भन्ने आलोचना आउन थाल्छ। यसकारण सबैभन्दा पहिले मातृभाषामा स्थानीय विषयवस्तुका लागि वा शुद्ध मातृभाषामा शिक्षाका लागि सबैले विचार गर्नुपर्ने मुख्य कुरो यही हुन्छ कि मानसिक र आर्थिक लगानीको वातावरण तयार हुनु पर्छ। यसको लागि रेडियो र पत्रपत्रिका, अनलाइन तथा सामाजिक सञ्जाल सबैबाट सम्बन्धित पक्षलाई प्रोत्साहन दिन सकिने किसिमका सामग्रीहरुको निरन्तर प्रवाह आवश्यक रहेको छ। अन्यथा हामी आफैँ पछाडि परिरहेको पनि हामीलाई थाहा भइरहेको छैन। हामी आफ्नो पहिचानलाई बुझ्न सकेका छैनौँ, आफ्नो परिचयलाई चिन्न सकेका छैनौँ, आफ्नो परिवेशलाई बुझ्न सकेका छैनौँ, आफ्नो इतिहास तथा संस्कृतिलाई पनि बिर्सिन पुगिरहेको छौँ। यस्तै प्रवृत्ति यदि बढ्दै गयो भने हामीले आफू हुँदाहुँदै पनि आफूलाई परिचित गराउन अरु नै कोही उपस्थित हुनु पर्ने हुन सक्छ।

# ‘लालपुर्जा भएका जग्गा झाडीमा परिणत’

**रासस**
**काठमाडौँ ।**

वन तथा राष्ट्रिय निकुञ्जका क्षेत्रका जानकारले ‘बफरजोन’का जनतालाई विश्वासमा लिएर मात्रै राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षको संरक्षण र विस्तार अघि बढाउन सकिए मात्रै नतिजा हासिल गर्न सकिने बताएका छन् । राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको मंगलबार बसेको बैठकमा उनीहरुले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण विभिन्न प्रजातिको समिश्रण थलो भएकाले यसको संरक्षण आवश्यक भएको बताए । वन तथा वन्यजन्तु आरक्षणका क्षेत्रमा सफलता प्राप्त गर्नुका पछाडि जनसहभागितामा आधारित संरक्षणको अवधारणा नै रहेको दाबी गरिएको छ । समितिले राष्ट्रिय निकुञ्ज, आरक्षण, संरक्षित क्षेत्र र मध्यवर्ती क्षेत्रको विद्यमान अवस्था, समस्या र समाधानका लागि चालिनुपर्ने उपायका सम्बन्धमा विज्ञहरुसँग छलफल गरेको हो ।

वन तथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा लामो अनुभव हासिल गरेका डा उदयराज शर्माले विश्वमा करिब २३ दशमलव ३९ प्रतिशत संरक्षण क्षेत्रले ओगटेको तथ्याङ्क प्रस्तुत गरे । उनले जैविक विविधता भएको मुलुक नेपालमा दुई सय ८४ स्थानीय फूल फूल्ने प्रजाति र आठ सय ६७ प्रकारका चरा पाइने बताए । विभिन्न जटिलताका बाबजुद नेपालले वन, वन्यजस्तुको संरक्षण विश्वमै उदाहरण प्रस्तुत गरेको बताउँदै विज्ञ शर्माले गैँडा चोरी सिकारी नियन्त्रण भई लक्ष्यभन्दा धेरै सफलता मिलेको उल्लेख गरे । नेपालमा हिमालय जैविक विविधताका उर्भरभूमिका मुख्य स्थान अवस्थित रहेको पनि सो अवसरमा जानकारी दिइयो । मध्यवर्ती क्षेत्र भन्नाले निकुञ्ज तथा आरक्षको पाँच किमि क्षेत्रका बाहिरी भागको बस्ती, खेती, जङ्गल तथा खाली क्षेत्रलाई जनाउँछ । पछिल्लो समय ३० देखि ५० प्रतिशत निकुञ्जले आम्दानी गरेको राजस्व मध्यवर्ती क्षेत्र व्यवस्थापनमा लगानी गर्ने कानुनी प्रावधान भए पनि त्यसअनुरुप काम नभएको गुनासो गरिएको छ ।

निकुञ्ज तथा वन्यजन्तु आरक्षबाट प्रभावित मध्यवर्ती क्षेत्रमा उपभोक्ता समिति तथा उपभोक्ता समूह गठन मानव र वन्यजन्तुबीचको द्वन्द्वलाई कम गर्दै राज्यद्वारा उपलब्ध सुविधा प्राप्त गर्न विभिन्न प्रयास भइरहेको छ । सीमित मात्रामा निकुञ्जभित्र रहेका प्राकृतिक स्रोतको उपयोगमा पहुँच दिई घाँस, खर खडाइ, बालुवा, गिट्टी तथा बगेका काठ सङ्कलन भइरहेको छ । चितवन राष्ट्रिय निकुञ्जलाई राजस्वमार्फत दुई वर्षमा तीन अर्ब ७० करोड रुपैयाँ प्राप्त रकम उपलब्ध गराइएको तथा सोही अवधिमा समुदायले ३९ करोड रुपैयाँ ऋण तथा सहकारीमा बचत गरेको तथ्याङ्क समेत प्रस्तुत गरियो । नागरिक समाजकातर्फबाट अश्विन पुडासैनीले राष्ट्रिय निकुञ्ज तथा आरक्ष वरपरका सडकमा समेत वन्यजन्तुको ओहरदोहरका कारण समस्या पैदा भएको तथा घाँस, दाउरा र पानी लिन जानुपर्ने भएकाले महिला बढी जोखिममा पर्ने गरेको बताए । भूकम्पपछि वस्ती व्यवस्थापन गर्ने क्रममा निकुञ्ज क्षेत्र विस्तार गर्ने सकिने अवसरको सदुपयोग हुन नसकेको तर्क गर्दै उनले वन्यजन्तुबाट हुनसक्ने आक्रमण र धनजनको क्षति बन्ध्याकरण, निकासी र मार्ने कार्य हुन नसक्ने बताए ।

बैठकमा सदस्यहरु सोनाम शेर्पाले सगरमाथा राष्ट्रिय निकुञ्जको समृद्धि ‘बफरजोन’ भएको र त्यसको संरक्षण स्वयम स्थानीयले गरिरहेको असल अभ्यास सुनाए । उनले भने, ‘सबै विकास वातावरण विरोधी हुनुहुन्न । त्यस क्षेत्रमा रज्जुमार्ग, जलविद्युत् बनाउने प्रयास भइरहेको छ । त्यहाँको भूगोल र सम्भावनालाई हेरेर कार्यक्रम तय गरिनुपर्छ । अहिले त्यो गर्न विकास र वातावरण मैत्री कानून आवश्यक छ ।’ समिति सदस्य गङ्गा बेल्वासेले युवा विद्यार्थीको ठूलो संख्या विदेश पलायन भएकाले लालपूर्जा भएका जग्गा वन र झाडीमा परिणत भएको बताए । उनले भने, ‘धान फल्ने खेत पनि झाडीमा परिणत भएको देखियो । जङ्गलको क्षेत्र बढाएर लाभ प्राप्त गर्न सकिन्छ भने राज्यले त्यसतर्फ पनि ध्यान दिनुपर्छ । हिजोका खरबारी र पहाडका धेरै बस्ती अहिले जङ्गलमा परिणत भएका छन्, त्यो राज्यका लागि चूनौति हो ।’

# संसद्लाई ‘बिजनेस’ दिनेबारे कानुन मन्त्रालयसँग छलफल




**रासस**
**काठमाडौँ ।**

यही माघ २२ गतेदेखि प्रारम्भ हुने सङ्घीय संसद्लाई ‘बिजनेस’ दिनेबारेमा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग छलफल गरेका छन् । मंगलबार दिउँसो प्रधानमन्त्री दाहालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा मन्त्रालयका अधिकारीहरूलाई बोलाएर आगामी संसद् अधिवेशनमा प्रस्तुत गर्ने विधेयकहरूको तयारीका बारेमा छलफल गरेको प्रधानमन्त्री कार्यालयको सचिवालयद्वारा प्रकाशित विज्ञप्तिमा जनाइएको छ । अघिल्लो संसद् अधिवेशनले कानुन निर्माणमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको समीक्षा भइरहेका बेला छलफलमा प्रधानमन्त्रीले संसद्लाई बिजनेस दिने र अधिवेशनलाई प्रभावकारी तुल्याउनुपर्नेमा जोड दिएका हुन् । मन्त्रालयलाई निर्देशित गर्दै बैठकमा प्रधानमन्त्री दाहालले भने, ‘अघिल्लो वर्ष संसद्ले कानुन निर्माणमा उदाहरणीय काम गर्न सकेन भन्ने समीक्षा छ । सरकारले पनि बिजनेस दिएन भन्ने मत पनि छ तर यसपटक त्यस्तो नहोस् ।’

छालफलका क्रममा प्रधानमन्त्री दाहालल संसद् सुरु हुनेबित्तिकै धेरैभन्दा धेरै विधेयकहरू दर्ता गर्नेगरी तयारी रहेको भन्दै मुख्यसचिवलाई ‘फलो अप’ गर्न निर्देशन दिए । उनले भने, ‘मन्त्रालयले सबै मन्त्रालयसँग समन्वय गरेर विधेयक ल्याउनुहोला । राम्रो तयारी गर्नुहोला । यसपटक संसद्लाई व्यवस्थित रूपले बिजनेस दिनुपर्छ । त्यो गुनासो नआउने गरी काम गर्नुहोला ।’ छलफलमा नेपाल सरकारका मुख्यसचिव डा बैकुण्ठ अर्यालले कानुनी परीक्षण र आर्थिक दायित्वको समेत परीक्षण भइसकेका विधेयकहरू छिटो संसद् पठाउनुपर्ने बताउँदै त्यसका लागि आवश्यक तयारी गर्न मन्त्रालयलाई निर्देशित गरे । बैठकमा सो मन्त्रालयका सचिव उदयराज सापकोटाले आगामी संसद् अधिवेशनमा प्रस्तुत गर्ने विधेयकहरूका निम्ति मन्त्रालयले आवश्यक गृहकार्य गरेको बताउँदै यस अधिवेशन प्रारम्भ हुनेबित्तिकै केही बिल पेस गर्न सकिने गरी तयारी गरिएको बताए । सचिव सापकोटाले केही विधेयक संसद् अधिवेशन प्रारम्भ भएलगत्तै संसद्मा दर्ता गर्न सकिने बताउँदै थप विधेयकका सन्दर्भमा द्रूत रुपमा काम गरिने जानकारी दिए ।

# शासकीय प्रणालीका विषयमा अल्मलिने समय छैनः पौडेल




- *व्यवस्थाविरोधी तत्व सल्बलाउन खोजेका छन्*
- *आर्थिक विकास र रोजगारी मूल एजेण्डा बन्नुपर्छ*
- *कानुन निर्माणको कार्यमा सुस्तता देखिएको छ*
- *देशमा केही हुँदैन भन्ने भाष्य निर्माण गर्न खोजियो*
- *जनहितका काममा सबै दल एकढिक्का हुनुपर्छ*

**रासस**
**गण्डकी ।**

प्रतिनिधिसभाको चुनाव भएको एक वर्ष बितिसक्यो, तर कानुन निर्माणको मूल कार्यमा संसद्भित्र सुस्तता देखिएको छ । संविधानले निर्दिष्ट गरेअनुरुपका कानुन निर्माणमा सरकार र सदनले पर्याप्त तदारुकता देखाउन सकेको पाइन्न । वर्ष दिनका अवधिमा मिटरब्याज पीडित, नागरिकता र अर्थसम्बन्धी कानुन मात्र बन्नुलाई सन्तोषजनक मान्न सकिन्न । अहिले तीनै तहका सरकारको सहज सञ्चालनका लागि झण्डै ४० वटा कानुन बनाउनुपर्ने आवश्यकता छ । कानुन निर्माणमा भएको ढिलाइकै कारण सङ्घीय प्रणालीमाथि नै नकारात्मक टिप्पणी हुन थालेका छन् । सङ्घीय निजामती, प्रहरीलगायत ऐन नबन्दा प्रदेश सरकारले सोचे जसरी काम गर्न सकिरहेका छैनन् । सङ्घ, प्रदेश र स्थानीय सरकारलाई आवश्यक कानुन बनाएर व्यवस्थित गर्नुपर्ने आवश्यकता छ, कानुनको अभावमा संविधानले दिएका अधिकार प्रत्यायोजन हुनसकेको छैन । कानुन निर्माणमा व्यवस्थापिकासँगै कार्यपालिकाको पनि उत्तिकै भूमिका हुने हुँदा सरकारले संसद्लाई बिजनेस दिनुपर्यो, कानुन निर्माणमा सांसदहरूलाई सक्रिय बनाउनुपर्यो ।

पछिल्लो समय संसद् बढी कटाक्ष, अस्वस्थ आलोचना र आग्रह–पूर्वाग्रहपूर्ण अभिव्यक्ति दिने थलोजस्तो बनेको अनुभव मलाई भइरहेको छ । कानुन र नीति–निर्माणमा सांसद नै बढी गम्भीर बन्नुपर्छ । अघिल्लो पटकको सदनमा सांसदहरूको प्रस्तुति तुलनात्मकरूपमा अहिलेको भन्दा बढी जिम्मेवार र परिपक्व देखिएको थियो । अघिल्लो सदनमा आवेग र आक्रोशभन्दा पनि राष्ट्रिय–अन्तर्राष्ट्रिय मुद्दामा तथ्य र तर्कसहित सांसदहरू उपस्थित हुने चलन थियो, सदनमा राजनीतिक दलका अधिकांश शीर्षनेताको प्रतिनिधित्व थियो, केही नयाँ दलका सासंदहरू हुनुहुन्थ्यो, सदनमा प्रस्तुत हुने शैली र अभिव्यक्ति पनि त्यही किसिमको थियो । तर अहिले नकारात्मक टिकाटिप्पणी बढी उठिरहेको छ । यो देशमा केही पनि हुँदैन, सबैतिर बर्बाद छ भन्ने भाष्य निर्माण गर्न खोजिएको छ । सदनमा बोल्ने सासंदज्यूहरूले दूरदृष्टि लगाएर देशका पक्षमा बोलेको कमै मात्रामा सुन्न पाइन्छ ।

कानुन निर्माणमा सदन सक्रिय रहे सांसदहरू पनि त्यही किसिमको अध्ययन, चिन्तन र बहसमा केन्द्रित हुन्छन् । शून्य र विशेष समयका लागि मात्र सदनको समय खर्च हुने अवस्था सधैँ रहनुहुन्न, संविधानको व्यवस्थाअनुसार तीन तहका सरकार सञ्चालनका लागि कानुन बनाएर अगाडि बढ्नुपर्ने विषय वर्षौंदेखि अल्झेर बसेका छन्, यसतर्फ अब सरकार र सदनको विशेष ध्यान जानुपर्छ । सत्य निरुपण तथा मेलमिलाप, विद्यालय शिक्षा, आमसञ्चारलगायत ऐन सदनमा दर्ता भए पनि निष्कर्षमा पुग्न सकेका छैनन्, संसद्को बाँकी रहेको कार्यकालमा कानुन निर्माणमा सक्रियतापूर्वक लाग्नुपर्ने अवस्था छ । अर्कातिर सानातिना विषय उठाएर सदन चल्न नदिने प्रवृत्तिको पनि अन्त्य हुनुपर्छ । लोकतन्त्रमा सबैले आफ्ना विचार अभिव्यक्त गर्न पाउने, समर्थन र विरोध गर्न पाइने छुट भए पनि अस्थिरता, अराजकता र अविश्वास पैदा गर्नेगरी हुने प्रस्तुतिलाई प्रश्रय दिइरहनु हुँदैन, चौतर्फी निराशा र नकारात्मकता फैलाउनु जायज विषय होइन ।

सांसदले स–साना आयोजनाका फाइल बोकेर मन्त्रालय धाउनुपर्ने स्थितिको पनि अन्त्य हुनुपर्छ । कानुन बनाउने प्रक्रियामा क्रियाशील हुनुपर्ने सांसदहरू विकासे काममा खट्नुपर्ने बाध्यता रहेको छ । योजनाको बाँडफाँट र कार्यान्वयनमा प्रदेश सरकार र स्थानीय तहलाई जिम्मेवारी दिऔँ, ठूला र राष्ट्रिय गौरवका आयोजनामात्र सङ्घीय सरकारले हेर्ने परिपाटी बसालौँ, सांसदलाई बढी कानुन निर्माणमै केन्द्रित गरौँ । सङ्घ, प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने विकास निर्माणका आयोजनामा स्पष्टता नभएका कारण दोहोरपना बढी हुने गरेको छ ।

सरकारले पनि सदनलाई सक्रिय बनाउन भूमिका खेल्नुपर्छ । सरकार र संसद्को नेतृत्वले प्रतिपक्षको समेत सहमति जुटाएर साझा मुद्दामा सबै दल मिलेर अगाडि बढ्ने वातावरण सिर्जना गर्न सक्नुपर्छ । राष्ट्रिय मुद्दा र जनहितका काममा सबै पक्ष एकढिक्का हुनुपर्छ । सदनलाई क्रियाशील बनाउनुपर्ने विषयमा सभामुख र प्रधानमन्त्रीलाई समेत भेटेर आफूहरूले ध्यानाकर्षण गराएका छौँ । सरकारले बिजनेस दिइरहनुपर्यो ताकि सदन सधैँ क्रियाशील भइरहोस्, सांसदहरू पनि विकासे काममा नअल्झिएर कानुन र नीति–निर्माणमा जुट्न सकुन् ।

विगतमा शिक्षामन्त्रीको जिम्मेवारी सम्हालेका अवधिमा आफूले शिक्षा क्षेत्रमा केही सुधारका पहल थालेको थिएँ । विद्यालय शिक्षा, उच्च शिक्षा ऐनलगायत शिक्षासँग सम्बन्धित आठवटा ऐन बनाउने प्रक्रिया आफू शिक्षामन्त्री हुँदा अगाडि बढाएको थिएँ । त्यतिबेलै ऐनलाई पूर्णता दिने प्रयास गरिएको थियो, तर स्थानीय तह र सङ्घ तथा प्रदेशका निर्वाचनको आचारसंहिता लागू भएपछि अगाडि बढ्न सकेन । विद्यालय शिक्षासम्बन्धी विधेयक सदनमा दर्ता भएर अहिले विषयगत समितिमा छलफलको क्रममा छ, आशा गरौँ अब छिट्टै पारित हुने प्रक्रियामा जानेछ । आफू शिक्षामन्त्री हुँदा लामो समयदेखि थाँती रहेको नयाँ शिक्षक नियुक्ति, दरबन्दी समायोजन, जनक शिक्षा सामग्री केन्द्रको व्यवस्थापलगायत क्षेत्रमा देखिनेगरी परिणाम आएको छ । जनक शिक्षा सामग्री केन्द्रमा नयाँ उपकरण थपदेखि व्यवस्थापकीय सुधार गरेका कारण अहिले विद्यार्थीले समयमै पाठ्यपुस्तक पाउने स्थिति तयार भएको छ । महिनौँ लाग्ने उपकरण खरिदको प्रक्रियालाई कार्यविधि सच्याएर छिटो गर्न सफल भयौँ, पाँचवटा उपकरण थपेपछि पुस्तक छपाइको काम समयमै हुन थाल्यो । शैक्षिकसत्र सुरु भएको महिनौँसम्म पनि विद्यार्थीले पाठ्यपुस्तक नपाउने अवस्थाको अन्त्य भएको छ । शिक्षा क्षेत्रमा वर्षौंदेखि जकडिएर रहेका समस्या छन्, आवश्यक कानुनी प्रबन्ध गरेर तिनको समाधान निकाल्नुपर्ने आवश्यकता छ ।

पछिल्लो समय राजनीतिक परिवर्तन र व्यवस्थाविरोधी तत्व सल्बलाउन खोजेका छन् । सबै परिवर्तनका पक्षधर शक्तिहरू मिलेर त्यस्तो प्रवृत्तिको सामूहिक प्रतिवाद गर्नुपर्ने आवश्यकता छ । गणतन्त्र, सङ्घीयता, धर्म निरपेक्षता, समानुपातिक–समावेशी प्रतिनिधित्वलगायत उपलब्धिलाई कसैले चाहेर पनि उल्टाउन नसक्ने परिस्थिति निर्माण गर्न सबैको पहलकदमी जरुरी छ । अब पनि शासकीय प्रणालीकै विषयमा अल्मलिने समय होइन, अबको यात्रा शासकीय प्रणालीमा सुधार गर्दै विकास र समृद्धितर्फ मुलुकलाई अघि बढाउनुको विकल्प छैन । नेपाली जनताको ७० वर्ष लामो सङ्घर्ष र बलिदानको जगबाट नयाँ संविधानसहितका राजनीतिक उपलब्धि हासिल भएका हुन् । तिनको रक्षा गर्नु सबैको दायित्व हो । निश्चय पनि राजनीतिक नेतृत्वबाट राज्य सञ्चालनका क्रममा कमीकमजोरी भएका छन्, गल्तीलाई सच्याउँदै जानुपर्छ, समीक्षा गर्दै जानुपर्छ, तर अब पछाडि फर्कन सम्भव छैन । प्राप्त उपलब्धिलाई जोगाउँदै अहिलेको लोकतान्त्रिक शासन पद्धतिलाई अझ सदृढ र समृद्ध बनाउनुपर्छ । राजनीतिक सङ्घर्षबाट गुज्रिसकेर नेपाल स्थिर लोकतान्त्रिक प्रणालीमा प्रवेश गरिसकेकाले अब विकास र समृद्धिमार्फत जनताको मन जित्नुपर्ने आवश्यकता छ । आर्थिक विकास र रोजगारी अब हाम्रो मूल एजेण्डा बन्नुपर्छ । एकथरि शक्ति अहिले देशमा निराशा बाँड्न उद्यत देखिन्छन् । नेपालमा केही कुरा सम्भव छैन, यहाँ बस्न सकिँदैन, विदेश नै जानुपर्छ भन्ने प्रवृत्ति अहिले मौलाइरहेको पाइन्छ । हुँदाहुँदा मध्यम वर्गमा पनि विस्तारै विदेशिने मोह देखिन थालेको छ ।

नेपालमै अवसर सिर्जना गरेर मात्र विदेश पलायनलाई रोक्न सकिन्छ । तथापि विदेश पलायनलाई हरहालतमा रोक्नुपर्छ । सरकार, राजनीतिक नेतृत्व यसतर्फ गम्भीर हुनुपर्ने आवश्यकता छ ।


मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

बिहान ५ बजे नै पिडिएफ उपलब्ध

PDF
मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

# पूर्व प्रधानमन्त्री इमरानलाई दश वर्ष कैद

**मधेशदृष्टि**
**वीरगंज ।**
पाकिस्तानका पूर्व प्रधानमन्त्री इमरान खान र पूर्वविदेशमन्त्री शाह महमुद कुरेसीलाई अदालतले दश वर्षको जेल सजाय सुनाएको छ । राज्यका गोप्य सूचना चुहाएको आरोपमा उनलाई मंगलबार विशेष अदालतका न्यायाधीश अब्दुल हसनत जुल्करनैनले दश वर्षको कैद सजाय सु्ाएका हुन् । पूर्वविदेशमन्त्री शाह इमरान खानको पार्टी पाकिस्तान तेहरिक ए इन्सफ पार्टीका उपाध्यक्ष हुन् । इमरान खान प्रधानमन्त्री भएका बेला मुलुकको गोप्य कुटनीतिक दस्ताबेज चुहाइएको आरोप उनीहरुमाथि थियो । उक्त सूचनाका कारण मुलुकको कुटनीतिक सम्बन्ध ध्वस्त हुन सक्ने भन्दै खानलाई आजीवन कैद वा मृत्युदण्डको सजाय माग गरिएको थियो । यसअघि इमरान खानलाई भ्रष्टाचारमा तीन वर्ष जेल सजाय सुनाइएको थियो र उनी अहिले जेलमा छन् । विशेष अदालतको यो निर्णय आगामी चुनाव लड्ने बताइरहेका इमरान खानका लागि ठूलो



झट्का मानिएको छ ।
अदालतले दश वर्षको जेल सजाय सुनाएपछि दुवैको चुनाव लड्ने बाटो बन्द भएको बताइएको छ । इमरान खानले अदालतको निर्णयलाई उच्च अदालतमा चुनौती दिन सक्ने भए पनि सेनासँगको तनावका कारण उनलाई राहत पाउने आशा कमै रहेको बताइएको छ ।
पूर्वप्रधानमन्त्री इमरान खानले आफूमाथि लागेका आरोपको अस्वीकार गर्दै आएका छन् । उनले आफूमाथि लागेका सबै आरोप राजनीतिबाट निर्देशित भएको बताएका छन् । उनको पार्टी पाकिस्तान तेहरिक ए इन्साफ(पीटीआई) ले झूटो मुद्दामा सजाय सुनाइएको प्रतिक्रिया दिएको छ । पीटीआईले भनेको छ, 'झूटो साइफर मुद्दामा पूर्वप्रधानमन्त्री इमरान खान र विदेशमन्त्री महमूद कुरैशीलाई १० वर्ष जेल सजाय सुनाइएको छ ।
यसमा न मिडियालाई पहुँच दिइएको छ न यसको ट्रायल सार्वजनिक गरिएको छ ।'
पाकिस्तानमा आगामी फेब्रुअरी ८ मा हुन लागेको आम चुनावको पूर्वसन्ध्यामा प्रमुख दलका नेता इमरान खान र पार्टी उपाध्यक्ष कुरेसीलाई जेल सजाय सुनाइएको हो ।
पाकिस्तानमा हुन लागेको आम चुनावअघि देशको सबैभन्दा ठूलो सहर कराचीमा तनाव बढ्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

# एपीएफसँग सुदूरपश्चिम पराजित
## कोशीको पहिलो जित



**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत मंगलबार भएको खेलमा विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लबले सुदूरपश्चिम प्रदेशलाई तीन विकेटले पराजित गरेको छ । काठमाडौँमा जारी प्रतियोगितामा सुदूरपश्चिमले जितका लागि दिएको ८८ रनको सामान्य लक्ष्य एपीएफले १४ दशमलव एक ओभरमा सात विकेट गुमाउँदै पूरा गरेको हो ।
जितका लागि एपीएफका सन्दीप जोराले १८ रन बनाए भने आशिफ सेखले १५, भुवन कार्कीले १४, प्रदीप ऐरीले १२ तथा लोकेश बमले ६ रन जोडे । सुदूरपश्चिमका लागि दीपक चन्दले चार र नरेन साउदले तीन विकेट लिए । त्यसअघि मूलपानी क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले १६ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै ८७ रनमा समेटियो ।
सुदूरपश्चिमका लागि नारायण जोशीले २५ बलमा तीन छक्का र तीन चौका प्रहार गर्दै अविजित ३१ रन बनाए ।
त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । सुदूरपश्चिमलाई सस्तैमा समेट्ने क्रममा एपीएफका लागि चन्दन रामले पाँच विकेट लिए । त्यसैगरी, भुवन कार्की तीन र कप्तान रोहित पौडेलले दुई विकेट झारे ।
त्यसैगरी, मंगलबार भएको अर्को खेलमा लुम्बिनी प्रदेशलाई १६ रनले हराउँदै कोशी प्रदेश जित विहीन हुनबाट बचेको छ ।
प्रतियोगितामा लगातार ८ खेल हारेको कोशीले आफ्नो अन्तिम खेलमा लुम्बिनीलाई पराजित गर्न सफल भएको हो । जितको लागि एक सय ७३ रनको विजयी लक्ष्य पछ्याएको लुम्बिनी ४६.५ ओभरमा एक सय ५६ रनमा अल आउट भयो । लुम्बिनीका दिलसाद अलीले ६४ बलमा २ चौकासहित सर्वाधिक ३२ रन बनाए । मिर्नल गुरुङ ३, सम्राट भुषाल २६, सुशान्त थापा ११, विराट भण्डारी २८ र कृष्ण कार्कीले २२ रन बनाए ।
कोशीका सौजन घिमिरेले १० ओभरमा १ मेडनसहित ३१ रन खर्चेर ३ विकेट लिए ।
अभ्यास तिमिशिना, कमल खत्री र समिर कार्कीले २–२ विकेट लिए । त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको कोशी ४४.४ ओभरमा एक सय ७२ रनमा अल आउट भएको थियो ।
कोशीका ओपनर तथा कप्तान अंकित सुवेदीले ६५ बलमा ९ चौकासहित सर्वाधिक ४९ रनमा आउट भए । सौजन घिमिरे ६९ बलमा २ चौका र २ छक्कासहित ४३ रनमा आउट भए । मिनाश थापा ३४ बलमा ५ चौकासहित २५, समिर कार्की शून्य, आशिष भट्टराई १०, सोनु अन्सारी १७, फिर्दोस अन्सारी ४, भुपाल लुइटेंल ५ र कमल खत्री शून्य आउट भए । लुम्बिनीका नर सार्कीले १० ओभरमा २ मेडनसहित ३८ रन खर्चेर ४ विकेट लिए । अभिषेक गौतमले १० ओभरमा २ मेडनसहित ३१ रन खर्चेर २ विकेट लिए । वीर मगरले ७.४ ओभरमा एक मेडनसहित ३४ रन खर्चेर ३ विकेट लिए ।
कृष्ण कार्कीले एक विकेट लिए ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कले सुधार

**मधेशद्दटि**
**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको सुधार देखिएको छ ।
मंगलबार नेप्से परिसूचक १४ दशमलव ८८ अङ्कले बढेर दुई हजार एक सय १९ दशमलव ६१ को बिन्दुमा कायम भएको हो ।
मंगलबार तीन सय आठ कम्पनीको एक करोड ५१ लाख ७८ हजार तीन सय ६८ कित्ता शेयर एक लाख १७ हजार ५९ पटक खरिदबिक्री हुँदा पाँच अर्ब ५४ करोड ४२ लाख १७ हजार पाँच सय ९३ रुपैयाँ बराबरको कारोबार भएको छ । मंगलबार बैंकिङ समूह शून्य दशमलव १७, लघुवित्त समूह शून्य दशमलव ३० र निर्जीवन बीमा समूह शून्य दशमलव ०३ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।
सबैभन्दा धेरै अन्य समूहको उपसूचक तीन दशमलव ५६ प्रतिशतले बढेको छ ।
चन्द्रागिरी हिल्स लिमिटेड, समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको शेयर मूल्यमा मंगलबार सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने मिड सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्य आठ दशमलव ३५ प्रतिशतले घटेको छ ।
कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा मंगलबार सबैभन्दा धेरै हिमालय रिइन्स्योरेन्स लिमिटेडको ७५ करोड २७ लाख ८६ हजार नौ सय १८ रुपैयाँ बराबरको १० लाख ७० हजार एक सय ७२ कित्ता शेयर किनबेच भएको छ ।

# भारतीय नौसेनाद्वारा १९ पाकिस्तानीको उद्धार



**एनएनआई**
**नयाँदिल्ली ।**
भारतीय नौसेनाको युद्धपोत आइएनएस सुमित्राले सोमालियाको पूर्वी तटबाट जाँदै गरेको इरानी माछा मार्ने जहाज अल नईमीमा समुद्री डकैतीको प्रयासलाई विफल बनाएको छ ।
साथै सोमबार १९ जना पाकिस्तानी नागरिकलाई सफलतापूर्वक उद्धार गरेको भारतीय नौसेनाले विज्ञप्तिमा जनाएको छ ।
सोमाली समुद्री डाकुहरूबाट इरानी झण्डा बोकेको माछा मार्ने जहाज एफभी इमानलाई बचाई भारतीय नौसेनाले उद्धार गरेको जनाएको छ ।
सोमालियाको पूर्वी तट र एडनको खाडीमा समुद्री डकैती विरोधी कारबाहीमा १७ जना चालक दलका सदस्यहरू सहभागी थिए । भारतीय नौसेनाका अनुसार युद्धपोत आइएनएस सुमित्राले सङ्कटग्रस्त जहाजलाई रोकी माछा मार्ने जहाज पत्ता लगाएको थियो । बन्धक बनाइएका १९ पाकिस्तानी राष्ट्रिय चालक दलका सदस्यहरूलाई उद्धार गरिएको छ ।
युद्धपोतले डुङ्गासहित चालक दलका सदस्यहरूको सुरक्षित रिहाइका लागि समुद्री डाकुहरूलाई बाध्य पारी डुङ्गासहित सबै १९ जनाको रिहाइ गरेको छ । आईएनएस सुमित्राले ३६ घण्टाको अथक प्रयासबाट कोचीबाट करिब आठ सय ५० एनएम पश्चिम दक्षिणी अरब सागरमा ३६ चालक दल (१७ इरानी र १९ पाकिस्तानी) सहित दुई अपहरण गरिएका माछा मार्ने जहाजहरू समेत उद्धार गरेको छ ।

# लगानी सम्मेलनको नाम र लोगो टुङ्गो लाग्यो

EMERGING NEPAL INVESTMENT SUMMIT 2024
28-29 APRIL | KATHMANDU

**रासस**
**काठमाडौँ ।**
आगामी वैशाख १६ र १७ गते (अप्रिल २८ र २९) काठमाडौँमा आयोजना हुन लागेको तेस्रो लगानी सम्मेलनको नाम र लोगो टुङ्गो लागेको छ । सम्मेलनलाई 'इमर्जिङ नेपाल इन्भेस्टमेन्ट समिट–२०२४' नाम दिइएको सम्मेलन सचिवालयले जनाएको छ । लगानी सम्मेलन निर्देशक समितिको दोस्रो बैठकले लगानी सम्मेलनको लोगो टुङ्गो लगाएको सचिवालय सहसचिव एवम् लगानी बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले जानकारी दिए ।
लगानी सम्मेलन आयोजना गर्नका लागि सरकारले अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समिति, मुख्य सचिवको नेतृत्वमा कार्यान्वयन समिति, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा प्राविधिक समिति रहेको छ । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा लगानी सम्मेलन सचिवालय रहेको छ ।
लगानी सम्मेलनका लागि कानुनी सुधारको सिफारिस गर्न गठित कार्यदलले विभिन्न एक दर्जन ऐन तथा नियमावली संशोधन गर्न सिफारिस गरेको छ ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत आर्थिक तथा पूर्वाधार क्षेत्र हेर्ने सचिवको संयोजकत्वमा गठित मौजुदा नीतिगत, संरचनागत एवं प्रक्रियागत सुधारका लागि सुझाव कार्यदलले आफ्नो प्रतिवेदन बुझाइसकेको छ ।
सम्मेलनका लागि पूर्व तयारीका काम भइरहेका छन् । लगानी बोर्डको कार्यालयले गत शुक्रबार नेपालमा लगानी सम्भाव्यता पहिचान र आर्थिक विकासका लागि समन्वयात्मक रणनीति शीर्षकमा कार्यशाला आयोजना गरेको थियो ।

# कोरियाली लगानीकर्तालाई स्वागत गर्न तत्पर छौँः मन्त्री

**रासस**
**काठमाडौँ ।**
परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले नेपालमा आगामी वैशाखमा हुने लगानी शिखर सम्मेलनमा कोरियाली लगानीकर्ता र उद्यमीहरूको ठूलो संख्यालाई स्वागत गर्न आफूहरु तत्पर रहेको बताएका छन् । नेपाल र गणतन्त्र दक्षिण कोरियाबीचको कूटनीतिक सम्बन्धको ५०औँ वार्षिकोत्सवका अवसरमा मंगलबार यहाँ आयोजित समारोहमा उनले कोरियाली कम्पनीहरूले आफ्नो लगानी नेपालमा विस्तार गरेको आफूहरुले हेर्न चाहेको बताए । मन्त्री साउदले सामसुङ, हुन्डाई मोटर्सलगायत कोरियाली कम्पनीहरूले नेपालमा लगानीका सम्भावनाहरू खोज्न गहिरो चासो लिएकामा नेपाल सरकारले यो अवसरको सदुपयोग गर्ने उल्लेख गरे ।
'हाम्रा दुई देशबीच आर्थिक सहयोग विस्तार गर्ने प्रचुर सम्भावना छ । ती सम्भावनाहरू अन्वेषण गरौँ । द्विपक्षीय व्यापार र लगानी अभिवृद्धि गरौँ । कृषि, ऊर्जा, पर्यटन र सूचना प्रविधिको क्षेत्रमा साझेदारीलाई सुदृढ बनाऔँ' उनले भने, 'कोरियामा हजारौँ नेपाली कामदार छन् । ठूलो संख्यामा नेपालीले थप अध्ययनका लागि कोरिया छनौट गरेका छन् । हजारौँ कोरियाली नागरिक पर्यटकका रूपमा नेपाल आउने गरेका छन् । आगामी दिनहरूमा, हामी यी आदानप्रदानहरूलाई अझ विस्तार गर्नेछौँ ।'
नेपाल र गणतन्त्र कोरियाबीच सन् १९७४ मे १५ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । मन्त्री साउदले दुई देशबीच सम्बन्ध प्रगाढ बन्दै गएको उल्लेख गर्दै यो सम्बन्ध मित्रता, सौहाद्र्रता, सहयोग, आपसी सम्बन्धमा आधारित रहेको बताए । गणतन्त्र कोरियाले छोटो समयमा हासिल गरेको प्रगति, र समृद्धिका सफलताका कथाहरूबाट नेपालले धेरै कुरा सिक्ने बताउँदै उनले पारस्परिक रूपमा लाभदायक क्षेत्रमा साझेदारी बढाउनु पर्नेमा जोड दिए ।
कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले कोरिया सरकारले नेपालीलाई रोजगारका क्षेत्रमा दिएको प्राथमिकताको प्रशंसा गर्दै नेपालीले कोरियामा सिकेको सीप, अनुभव र ज्ञान स्वदेशमा उपयोगी हुने विश्वास व्यक्त गरे । साथै उनले कोरिया सरकारले नेपालको विकास निर्माणका क्षेत्रमा गरेको योगदानले दुई देशबीच आत्मीय र भाइचाराको सम्बन्ध विस्तार भएको बताए ।
कार्यक्रममा कोरियाका राजदूत पार्क तियोङले विगत ५० वर्षको यात्रा साझा मूल्यमान्यता, आपसी सम्मान र हाम्रा जनताको राम्रो भविष्य निर्माण गर्ने प्रतिबद्धताको कथा भएको बताए । यस अवधिमा द्विपक्षीय सम्बन्ध फस्टाउँदै गएको र बलियो बन्धनका रुपमा रहेको उल्लेख गर्दै उनले कोरिया र नेपालबीचको सहकार्य व्यक्तिगत र आर्थिक विकासका लागि शक्तिशाली उत्प्रेरक भएको बताए । राजदूत पार्कले भने, 'यो ऐतिहासिक कोसेढुङ्गामा पुग्नुभएकामा म दुवै देशका नेता तथा जनतालाई बधाई ज्ञापन गर्दछु । यो अनगिन्ती व्यक्तिको समर्पण र प्रतिबद्धताको प्रमाण हो, जसले सम्बन्ध निर्माण र विस्तार गर्न, समझदारी बढाउन र हाम्रा राष्ट्रहरूबीचको सहयोगलाई बढावा दिन अथक प्रयास गरेका छन् ।'
सो अवसरमा मन्त्री र राजदूतले संयुक्तरुपमा ५०औँ वार्षिकोत्सवको स्मरणार्थ लोगो अनावरण तथा कोरियाको रोजगार अनुमति प्रणाली (इपिएस) कार्यक्रमबाट फर्किएका नेपालीको सफलताको कथामा आधारित पुस्तक 'तपाईं पनि मालिक बन्न सक्नुहुन्छ'को विमोचन गरिएको थियो ।

# अर्थतन्त्र विकासमुखी भएनः पाण्डे



**रासस**
**बाजुरा ।**
नेपाली कांग्रेसकासह महामन्त्री तथा प्रतिनिधिसभाका सदस्य बद्रीप्रसाद पाण्डेले अर्थतन्त्र विकासमुखी नभएको बताएका छन् । नेपाल प्रेस युनियन जिल्ला शाखा बाजुराले कोल्टीमा मंगलबार आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा सहमहामन्त्री पाण्डेले पुँजीगत खर्चभन्दा अन्य खर्च बढी भएकाले विकासमुखी बजेट बन्न नसकेको जिकिर गरेका हुन् । पत्रकार भेटघाट कार्यक्रममा नेता पाण्डेले सरकारले ल्याएको भन्दा थोरै बजेट विकास–निर्माणमा भएकाले प्राथमिकतामा नपरेको बताए ।
सहमहामन्त्री पाण्डेले अहिले संसद्मा कानुन निर्माणका लागि बनाइएका समितिले पनि काम गर्न नसकेकामा चिन्ता व्यक्त गरे ।
सांसदले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको उनको स्वीकारोक्ति छ । सांसदले गर्नुपर्ने कामभन्दा पनि आउने निर्वाचन केन्द्रित हुन थालेकाले संसद्को भूमिका प्रभावकारी हुन नसकेको उनको भनाइ थियो । सहमहामन्त्री पाण्डेले भने, 'प्रत्येक १० वर्षको अवधिमा संविधानमा भएका कुरा थपघट गर्न संविधान पुनरावलोकनमा सोच्नुपर्ने अवस्था आएको छ ।'
कार्यक्रममा जिल्ला समन्वय समिति बाजुराका प्ररमुख तुलसीराम रोकायाले जिल्लामा राजनीतिक नेतृत्वमा अभिभाकत्वको भूमिका निर्वाह गर्नेको खाँचो रहेको बताएका छन् । जिल्लाको पर्यटकीय सम्भावना थुप्रै भएकाले त्यसको प्रचारप्रसार र पहिचान बढाउन आवश्यक रहेको समन्वय प्रमुख रोकायाले बताए ।



**सहिद परिवारलाई मन्त्रीको सम्मान :** वन तथा वातावरणमन्त्री डा विरेन्द्रप्रसाद महतो सहिद परिवारलाई सम्मान गर्दै ।
तस्विरः हरिराम भेटुवाल/रासस

# सहिदका सपना पूरा गर्न सबै दल एक हुनुपर्छः सभामुख

**रासस**
**काठमाडौँ ।**
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले सहिदका सपना पूरा गर्न सबै राजनीतिक दल एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिएका छन् । सहिद दिवसका अवसरमा मंगलबार सन्देश दिँदै सभामुख घिमिरेले दलहरुको एकतामा नै लोकतन्त्र बलियो हुने र यसविरुद्ध हुने चलखेल निस्तेज हुनेमा दुई मत नभएको बताएका



हुन् । राणा शासनलाई अन्त्य गर्न आफ्नो जीवन आहुति दिने अमर सहिदहरु दशरथ चन्द, गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा र शुक्रराज शास्त्रीप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै उनले नेपाली जनतालाई स्वतन्त्रता र अधिकार प्राप्तिका लागि आफ्नो जीवन अर्पण गरेका सहिदले देखेको समृद्धिको सपना पूरा गर्न राज्यका सबै निकाय उत्तिकै जिम्मेवार हुनुपर्ने जनाए । 'विभिन्न तह र तप्काअनुसार सबैको भूमिका संविधानले नै प्रस्ट पारेको छ । त्यसकारण सबैले आफ्नो संवैधानिक भूमिकालाई ख्याल गर्दै जिम्मेवारी पूरा गर्ने हो भने सहिदप्रति सच्चा श्रद्धाञ्जलि अर्पण गरेको ठहरिनेछ', उनको सन्देशमा भनिएको छ ।

# सहिद प्रेरणाका स्रोत र पथप्रदर्शकः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षमा सङ्घर्ष गर्ने क्रममा बलिदान गर्ने सहिदहरू विगत, वर्तमान र भविष्यका निम्ति प्रेरणाका स्रोत र पथप्रदर्शक रहिरहने बताएका छन् । सहिद दिवस २०८० का अवसरमा मंगलबार शुभकामना दिँदै उनले देश र जनताको मुक्ति एवम् परिवर्तनका निम्ति सहिदले देखेका सपना र लिएको अठोटलाई शीरोधार्य गर्दै क्रान्तिका बाँकी कार्यभार पूरा गर्न सङ्कल्प गर्नुपर्ने बताएका छन् । प्रधानमन्त्री दाहालले सहिदको योगदानलाई सम्मान गर्दै उनीहरूको योगदान र कृति चीरस्थायी तुल्याउने एवम् सहिद परिवारको उचित सम्मान, संरक्षण र जीवनवृत्तिका निम्ति समर्पित हुने दिनका रूपमा सहिद दिवस रहिआएको बताए । उनले भने, 'यही यथार्थलाई आत्मसात् गर्दै सरकारले इतिहासका विभिन्न कालखण्डमा सहादत प्राप्त गर्ने सपुतलाई राष्ट्रिय सहिद घोषणा गर्दै उनीहरूको सम्मान र परिवारको संरक्षण र अभिभावकत्वको पक्षलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको छ ।' प्रधानमन्त्री दाहालले आफ्नो पहिचान र अधिकारका निम्ति विभिन्न वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायको नेतृत्वमा भएका न्यायपूर्ण आन्दोलनको बलमा नै वर्तमान संविधान र लोकतान्त्रिक व्यवस्था प्राप्त भएको उल्लेख गर्दै वर्तमानमा प्राप्त उपलब्धिको रक्षा र सुदृढ गर्दै थप अधिकारका निम्ति समर्पित हुनु नै सहिदहरूप्रति सच्चा श्रद्धाञ्जलि हुने बताए । उनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरणसहित थप अधिकारका निम्ति कर्तव्यनिष्ठ भएर अगाडि बढ्न सहिद दिवसबाट प्रेरणा मिल्ने विश्वास व्यक्त गरेका छन् । प्रधानमन्त्री दाहालले मुलुकका निम्ति जीवन अर्पण गर्ने सहिदप्रति श्रद्धाञ्जलि अर्पण गर्दै सम्पूर्ण बेपत्ता योद्धाको उच्च सम्मान र घाइते योद्धाको शीघ्र स्वास्थ्यलाभसहित दीर्घजीवनको कामना गरेका छन् ।



### सपना पूरा गर्न सङ्कल्प गर्ने दिन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आजको दिन सहिदहरूले देखेका सपना र उनीहरुले गरेको अठोटलाई शीरोधार्य गर्दै क्रान्तिका बाँकी कार्यभारहरू पूरा गर्न सङ्कल्प गर्ने दिन भएको बताएका छन् । सहिद स्मारक लैनचौरमा मंगलबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'नेपाली समाजको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण र समावेशी लोकतन्त्र स्थापनाका निम्ति महान् सहिदहरूले उच्च बलिदान गरेका छन् । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षमा सङ्घर्ष गर्ने क्रममा बलिदान गर्ने सहिदहरू विगत, वर्तमान र भविष्यका निम्ति हामी सबैका लागि प्रेरणाका स्रोत र पथप्रदर्शक रहिरहनेछन् ।' सहिदका सपना पूरा गर्नका निम्ति मन, वचन र कर्मले सबै क्रियाशील रहनुपर्ने जनाउँदै प्रधानमन्त्रीले सहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गरे ।

उनले जहानियाँ राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापनाका निम्ति विसं १९९७ मा आफ्नो जीवनको बलिदान गर्ने महान् सहिदहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द, गङ्गालाल श्रेष्ठलगायतका सहिदको स्मरण र सम्मान गरे । सम्पूर्ण बेपत्ता योद्धाहरूको उच्च सम्मानपूर्वक स्मरण गर्दै प्रधानमन्त्रीले भने, 'घाइते योद्धाहरूको शीघ्र स्वास्थ्यलाभसहित दीर्घजीवनको कामना गर्दछु ।' प्रत्येक वर्ष माघ १६ गतेलाई सहिद दिवसका रूपमा मनाउँदै आइएको छ ।

# देशभर विभिन्न कार्यक्रमसहित सहिद दिवस मनाइयो



**रासस**
**काठमाडौँ ।**
देश र जनताका लागि शहादत प्रदान गर्ने सहिदहरूको सम्मानमा विभिन्न कार्यक्रमका साथ देशभर विभिन्न कार्यक्रमका साथ सहिद दिवस मनाइँएको छ । इतिहासको विभिन्न कालखण्डमा प्रजातन्त्र, राष्ट्र र स्वतन्त्रतासहित जनताका पक्षमा भएका आन्दोलनमा मृत्युवरण गरेका वीर सपुतहरूको सम्मानमा मंगलबार विविध कार्यक्रमका साथ देशभर सहिद दिवस मनाइने परम्परा छ । गत वर्षहरूमा जस्तै यस वर्ष पनि सहिदरूको योगदानको चर्चा गर्दै यही माघ १० देखि १६ गतेसम्म सप्ताहव्यापीरूपमा दिवस मनाउने कार्यक्रम जारी छ । विसं २०१२ देखि नै तत्कालीन काठमाडौँ नगरपालिकाको संयोजकत्वमा प्रत्येक वर्ष माघ १६ गते सहिदको सम्झनामा दिवस मनाउन थालिएको हो । देश र जनताका लागि प्राण आहुति दिनुहुने सहिदहरूको विशेष सम्झना गरिने दिनका रुपमा सहिद दिवसलाई लिइन्छ । प्रजातन्त्र, नागरिक अधिकार र स्वतन्त्रताको माग गर्दा विसं १९९७ मा सहिद शुक्रराज शास्त्रीलाई माघ १० गते काठमाडौँको टेकुस्थित पचलीमा, माघ १३ गते धर्मभक्त माथेमालाई सिफलमा र गङ्गालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभाभगवतीमा तत्कालीन राणा शासकले मृत्युदण्ड दिएका थिए । यही माघ १६ गते सहिद दिवसका अवसरमा बिहान शान्तिवाटिका रत्नपार्कदेखि सहिद स्मारक लैनचौरसम्म प्रभातफेरी कार्यक्रम आयोजना गरिएको थियो । प्रधानमन्त्री, मन्त्रिगण, नेपाल सरकारका उच्चपदस्थ अधिकारी, जनप्रतिनिधि, सुरक्षा निकायको ब्यान्ड टोली र मार्चपास टोलीसहितको प्रभातफेरी सहिद स्मारक लैनचौर पुगी ज्ञातअज्ञात सहिदप्रति श्रद्धाञ्जलि अर्पण गर्ने कार्यक्रम रहेको काठमाडौँ महानगरपालिकाले जनाएको छ ।

सहिदलाई प्रत्येक वर्ष माघ १६ गते सम्झने गरे पनि सपना पूरा गर्न हुनुपर्ने जति काम नभएको गुनासो यस अवसरमा हुने गरेको सुनिन्छ । यस दिन हुने औपचारिक कार्यक्रममा जिम्मेवार अधिकारीहरुबाट सहिदको सपना पूरा गर्न लागिपरेको प्रतिबद्धता भने निरन्तर आउने गरेको छ । पछिल्लो समय स्पष्ट परिभाषा नगरी सहिद घोषणा गरिएको भनी जनस्तरबाट टिप्पणी हुने गरेको छ । यसैबीच नेपालमा पहिलो सहिद लखन थापालाई मानिन्छ ।

# सहिद दिवसको प्रेरणालाई नभुलौँः ओली

**रासस**
**काठमाडौँ ।**
नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सहिद दिवसको प्रेरणालाई भुल्न नहुने बताएका छन् । सहिद दिवसका अवसरमा शुभकामना सन्देश दिँदै उजले युगलाई जहानियाँ राणा शासनको अँध्यारोबाट प्रजातन्त्रको उज्जालो दिन जीवन अर्पण गरेका चार सहिद प्रति नमन व्यक्त गरेका छन् ।

प्रजातन्त्र, नागरिक अधिकार र स्वतन्त्रताको माग गर्दा विसं १९९७ मा सहिद शुक्रराज शास्त्रीलाई माघ १० गते काठमाडौँको टेकुस्थित पचलीमा, माघ १३ गते धर्मभक्त माथेमालाई सिफलमा र गङ्गालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभाभगवतीमा तत्कालीन राणा शासकले मृत्युदण्ड दिएका थिए ।






# लोकतन्त्र स्थायित्व र दिगो बनाउन आवश्यकः उद्योगमन्त्री



**मधेशदृष्टि**
**वीरगंज ।**
उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले सहिदहरुकै बलिदानी र त्यागको कारणले देशमा प्रजातान्त्र, लोकतन्त्र हुँदै मुलुक गणतन्त्रमा पुगेको बताएका छन् । सहिद दिवसको अवसरमा नेपाली कांग्रेस पर्साले मंगलबार वीरगंज स्थित सहिद तेज बहादुर अमात्य र थीर बम मल्लको शालिकमा माल्यापण पछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री रिजालले प्रजातान्त्र र लोकतन्त्र रहे मात्र नागरिकले स्वतन्त्रतापूर्वक बाँच्न पाउने भएकाले लोकतन्त्रलाई स्थायित्व र दिगो बनाउने दायित्व आम नागरिकको भएको बताए । उनले अहिलेपनि लोकतन्त्रमाथि प्रहारको प्रयास भईरहेकाले यसतर्फ सबै जना सजग हुनुपर्ने बताउदै लोकतन्त्र हुँदै गणतन्त्र पछि प्राप्त उपलब्धीलाई संस्थागत गर्दै मुलुकको समृद्धि र विकासका लागि सबै जुटनु पर्ने बेला आएको कुरामा जोड दिए । उनले भ्रष्टाचार नियन्त्रण र सुशासन अहिलेको प्रमुख एजेण्डा भएको बताउदै सहिदको सपना साकार पार्न मुलुकलाई दिगो विकास र पारदर्शीता तर्फ अग्रसर गर्नु पर्नेमा जोड दिए । नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर १ का कार्यवाहक क्षेत्रीय सभापति अनिल सिंहको अध्यक्षता सम्पन्न कार्यक्रममा प्रदेश सभा सदस्य एवम् नेपाली कांग्रेस पर्साका सभापति जनार्दन सिंह क्षेत्री, पूर्व सांसद अनिल रुंगटा, कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मीलगायतका नेता कार्यकर्ताको सहभागिता थियो । त्यसैगरी कार्यक्रममा वीरगंजका प्रजातन्त्रका सेनानीहरुलाई सम्मान समेत गरिएको थियो । इतिहासको विभिन्न कालखण्डमा प्रजातन्त्र, राष्ट्र र स्वतन्त्रतासहित जनताका पक्षमा भएका आन्दोलनमा मृत्युवरण गरेका वीर सपुतहरूको सम्मानमा साताव्यापी कार्यक्रम गरी सहिद दिवस मनाउने परम्परा छ । देश र नागरिकको हित र अधिकारका लागि जीवन त्याग गरेका सहिदको सम्झना गरी हरेक वर्ष माघ १६ मा विभिन्न कार्यक्रम गरी सहिद दिवस मनाउने गरिन्छ । यसै क्रममा वीरगंजमा पनि नेपाली कांग्रेस पर्साले विविध कार्यक्रमको आयोजना गरी सहिद दिवस मनाएको हो । नेपालमा प्रजातन्त्र स्थापनाका लागि एवम् पुनःस्थापना तथा विभिन्न कालखण्डमा स्वतन्त्रताका लागि भएको आन्दोलनमा शहादत दिएका सहिद शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठ तथा प्रजातान्त्रिक आन्दोलनका अरू सहिदको योगदानलाई आजका दिन स्मरण गर्ने गरिन्छ । हरेक वर्ष माघ १० देखि १६ गतेसम्म सहिद सप्ताहका रुपमा मनाउने गरिन्छ । राणा शासनको विरोध गर्दा १९९७ सालमा सहिद शुक्रराज शास्त्रीलाई माघ १० गते काठमाण्डौको टेकुमा रहेको पचलीमा, माघ १३ गते धर्मभक्त माथेमालाई सिफलमा र गङ्गालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभाभगवतीमा मृत्युदण्ड दिइएको थियो । यसैबीच राष्ट्रपति, प्रधानमन्त्रीलगायतले सहिद दिवसको अवसरमा शुभकामना दिँदै सहिदले देखेका सपना र लिएको अठोटलाई पूरा गर्न सबैले सङ्कल्प गर्नुपर्ने बताएका छन् ।

## बिरामीलाई फलफूल वितरण

सहिद दिवसमा नेपाल शिक्षक संघ बाराले कलैयामा रहेको प्रादेशिक अस्पतालमा फलफूल वितरण गरेको छ । नेपाली कांग्रेस निकट नेपाल शिक्षक संघ बाराले मंगलबार बिहान अस्पतालमा उपचाररत बिरामीहरुलाई फलफूल वितरण गरेको हो । त्यस अवसरमा कांग्रेस बाराका सभापति राजेश राय यादव, बारा क्षेत्र नम्बर ४ को ख का कांग्रेसका क्षेत्रीय सभापति लोकेश सिंह र संघका अध्यक्ष राजकिशोर सहनीले अस्पतालका विभिन्न वार्डमा पुगेर बिरामीहरुलाई फलफूल वितरण गरेका थिए । संघका अध्यक्ष सहनीको अध्यक्षता तथा कांग्रेस जिल्ला सभापति यादवको प्रमुख आतिथ्यतामा भएको फलफूल वितरण कार्यक्रममा संघमा आबद्ध शिक्षक, शिक्षिकाका साथै कांग्रेस नेता तथा कार्यकर्ताहरुको पनि सहभागिता थियो ।

# रेल्वेको तेस्रो खण्डको कामको थालनी



**मधेशदृष्टि**
**महोत्तरी ।**
भारतको जयनगरदेखि महोत्तरीको बर्दिबाससम्म जयनगर बर्दिबास रेल्वेको तेस्रो खण्डको काम थालिएको छ । जयनगरदेखि धनुषाको कुर्था र कुर्थादेखि महोत्तरीको भङ्गाहासम्म क्रमशः पहिलो र दोस्रो खण्डको काम सकिएर सेवा प्रारम्भ भएपछि नेपाल रेल्वे कम्पनीले यो आयोजनाको तेस्रो खण्डको काम थालेको हो । तेस्रो खण्डमा भङ्गाहादेखि बर्दिबाससम्म १७ किलोमिटर दूरीमा अहिले काम थालिएको छ । जम्मा ६९ किलोमिटरको यो आयोजनालाई तीन खण्डमा विभाजन गरिएको थियो । पहिलो जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर र दोस्रो कुर्थादेखि भङ्गाहासम्म १७ किलोमिटर दूरीसहित जम्मा ५२ किमीभित्र निर्माण सम्पन्न भएर हाल रेल सेवा सञ्चालनमा ल्याइएको छ । दुई खण्डको काम सकिएर सेवा सञ्चालनमा ल्याएपछि अब तेस्रो खण्डको काम थालिएको हो । तेस्रो खण्ड (भङ्गाहादेखि बर्दिबास खण्ड)को १७ किमी दूरीभित्रको कामको प्रारम्भिक चरणमा मुआब्जा वितरण अन्तिम चरणमा पुगेको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक नीरञ्जन झा बताउँछन् । 'तेस्रो खण्डको मुआब्जा वितरण अन्तिम चरणमा छ', उनी भन्छन्, 'मुआब्जा वितरण सकिनासाथ निर्माण कार्य अघि बढ्छ ।' यस खण्ड (तेस्रो खण्ड) मा पर्ने एक सय २३ बिघा जग्गामध्ये ८० प्रतिशतभन्दा बढीको मुआब्जा वितरण भइसकेको कम्पनीले जनाएको छ । तेस्रो खण्डमा महोत्तरीका भङ्गाहा र बर्दिबास (साबिक किसाननगर र बर्दिबास गाविस) एवम् धनुषाको मिथिला (साबिक बेङ्गाडावर गाविस) नगरपालिकाका जग्गा पर्छन् । यस खण्डमा मुआब्जा दिएर अधिग्रहण गरिएका जग्गामा अहिले सर्वेक्षण गरिँदैछ । भारत सरकारको सहयोगमा निर्माण भइरहेको यो आयोजनाको तेस्रो खण्डमा अहिले नेपाल भारतका प्राविधिकको संयुक्त टोलीले सर्वेक्षणका काम गरिरहेका महाप्रबन्धक झाको भनाइ छ । यस खण्डमा परेका जग्गाभित्रका संरचना र बालीनाली खाली गर्न सम्बद्ध यसअघिका जग्गाधनीलाई सूचना जारी भइसकेको र त्यसअनुसार घरबाहेकका धेरैजसो जग्गा खाली भएका छन् । अब घरसहित संरचना भएका ठाउँको मुआब्जा दिएर खाली गराइने छ । सन् २०१० मा तत्कालीन राष्ट्रपति डा रामवरण यादवको भारत भ्रमणका क्रममा भएको द्विपक्षीय सम्झौताअनुसार यहाँ रेल्वे सेवा विस्तारको काम थालिएको हो । पहिलो खण्डमा विसं २०७८ चैत ११ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरुपमा उद्घाटन गरेपछि जयनगरबाट कुर्थासम्म ३५ किलोमिटर रेल सेवा सञ्चालनमा आएको थियो । त्यतिखेर राष्ट्रपति डा यादवको भारत भ्रमणका अवसरमा जयनगरदेखि बर्दिबास, भारतको पश्चिम बङ्गालको जलपाइगोडीदेखि काकडभिठ्ठा, भारतको विहारमा पर्ने बथनाहादेखि विराटनगरसम्म, भारतको उत्तरप्रदेशको नौतनमादेखि भैरहवासम्म र भारतको उत्तरप्रदेशकै रुपैडिहादेखि नेपालगञ्जसम्मको सेवा विस्तार गरिने सम्झौता भएको थियो । जयनगर बर्दिबास रेल्वे विस्तारको निर्माण भारतीय सरकारको स्वामित्वमा रहेको इकन कम्पनीले गर्दैछ । यी रेल्वे सेवा विस्तारका लागि नेपाल सरकारले जग्गा उपलब्ध गराएको छ । सम्झौतामा नेपालले जग्गा उपलब्ध गराउने उल्लेख भएअनुसार जग्गाको मुआब्जा नेपाल सरकारले दिँदै आएको छ भने निर्माण कार्य सम्झौताअनुसार भारत सरकारले गर्दै आएको छ ।



शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

मटिहानी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# प्याब्सन टी–२० क्रिकेटः मुनलाइट र मास्कोट विजयी



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा जारी प्याब्सन टि–२० क्रिकेटमा मुनलाइट मावि र मास्कोट मावि विजयी भएको छ । मुनलाइटले एसआर ग्यालेक्सीलाई एकसय १ रनको फराकिलो अन्तरले हराएको हो भने मास्कोट माविले हिमालयन पिरामिडलाई ७० रनले पराजित गरेको हो । वीरगंजको आर्दशनगर खेल मैदानमा सम्पन्न मंगरबारको दोस्रो खेलमा टस जितेर एसआर ग्यालेक्सीले फिल्डिङ रोज्यो । टस हारेर पहिले ब्याटिङ गरेको मुनलाइटले निर्धारित ओभरमा ४ विकेटमा एकसय ६९ रन बनायो । उसका लागि ताहिद अन्सारीले नटआउट हुँदै अर्धशतक बनाए । उनले ५१ रन बनाएका हुन् । यस्तै सेराज हवारीले ४५ र अनुप कुवँरले ४४ रन बनाए । बलिङमा समिर अन्सारीले २ विकेट लिए । श्रीराम पटेल र राजन शर्माले समान १ विकेट लिए । जवाफी ब्याटिङ गरेको एसआर १९.६ ओभरमा ९ विकेट गुमाउँदै ६८ रनमै समेटियो । एसआरका लागि राहुल चौहानले १२ र राजन शर्माले ७ रनको योग दिए । बलिङतर्फ सेराज हवारीले ३ विकेट लिए । यस्तै रोहन साहले १ विकेट लिए । खेलमा सेराज हवारी प्लेयर अफ दी म्याच भए ।
प्रतियोगिताअन्तरगत मंगलबारको पहिलो खेलमा मास्कोट मावि ७० रनले विजयी भएको छ । मास्कोट माविले हिमालयन पिरामिडलाई पराजित गरेको हो । आर्दशनगर खेल मैदानमा टस जितेर ब्याटिङ गरेको मास्कोटले एक सय ७८ रन बनायो । उसले निर्धारित ओभरमा पूरै विकेट गुमाएर १ सय ७८ रन बनाएको हो । मास्कोटका लागि शेख अरमानले अर्धशतकीय योगदान गरे । अरमानले ५७ रन बनाए । कुशल श्रेष्ठले ३७ रन जोडे । यस्तै विश्वास पटेल १३ रन बनाए । बलिङमा अर्जुन ठाकुर र विशाल दासले समान ३ विकेट लिए भने समि अन्सारीले १ विकेट लिए । लक्ष्य पछ्याएको हिमालयन २० ओभरमा ६ विकेट गुमाएर एक सय ८ रनमै समेटियो । उसकालागि रोसेज पौडलले नटआउट २२ रन बनाए । त्यसैगरी अरुण ठाकुरले २२ र आलोक कुमार साहले २१ रन बनाए । बलिङतर्फ लक्की शर्मा र शेख अरमान समान २ विकेट हात पारे । खेलको प्लेयर अफ दी म्याच शेख अरमान भए ।

## शुक्रबारदेखि अन्तरविद्यालय क्रिकेट

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा दोस्रो अन्तरविद्यालय क्रिकेट टी–२० प्रतियोगिता शुक्रबारदेखि हुन लागेको छ । जनकपुर स्पोर्टस क्लव र न्यु भिजन नेपालको आयोजनामा प्रतियोगिता हुन लागेको हो । मंगलबार ट्रफी प्रर्दशन गरी प्रतियोगिताको तयारी पूरा भएको संयोजक अम्भुप्रसाद साहले जानकारी दिए । राष्ट्रिय टिममा स्थानीय खेलाडीको प्रतिनिधित्व गराउने अधारको यो रनिङ प्रतियोगिताको अवधारणा ल्याइएको हो । उनका अनुसार लिग चरणमा प्रतियोगिता हुनेछन् ।
जसअन्तरगत प्रत्येक टिमले कम्तीमा तीन तीन वटा खेल खेल्ने छन् । प्रतियोगितामा पाँच सामुदायिकसहित १६ वटा विद्यालयका टिम सहभागी भएका छन् । लेदर बलले हुने यो प्रतियोगिता २० ओभरको हुने र आइसीसीको मान्यता अनुसार खेलाइने प्रतियोगिताको सह संयोजक संतोष साहले बताए । सबै पक्षलाई खेलसँग जोडना र खेल भावना बुझनको लागि दुई वटा मैत्रीपूर्ण खेलसमेत राखिएको छ । खेल जनकपुरधामको एतिहासिक बाह्रबिघ्था रंगभूमि मैदानमा हुने छन् । प्रतियोगितामा विजेताका लागि आकर्षक कपका साथै उत्कृष्ट बलर, ब्याट्सम्यान, फिल्डर, म्यान अफ दि म्याच सहित विभिन्न विद्याकालाई पुरस्कृत गरिने छ । यसअघि प्रथम अन्तरविद्यालय कप गोगल प्रसाद माविले कब्जा गरेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन